मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मनहरीबाट लागूऔषधसहित चारजना प्रहरीको नियन्त्रणमा

हेटौंडा, १७ मंसिर/मकवानपुरको मनहरी गाउँपालिका-९ रजैयास्थित पुल नजिकैबाट चारजनालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरीका अनुसार, मंगलबार साँझ विशेष सूचनाको आधारमा पुगेको इलाका प्रहरी कार्यालय मनहरीबाट प्रहरी निरीक्षक दीपक थापाको कमाण्डमा खटिएको टोलीले उनीहरुलाई नियन्त्रणमा लिएको हो । पक्राउ पर्नेहरुमा बाराको जीतपुरसिमरा-१६ घरभई हाल हाल हेटौंडा-१९ सान्नानटार बस्ने २६ वर्षीय अनिल सिंतान, मनहरी गाउँपालिका-५ बसन्तपुर बस्ने २३ वर्षीय संजित आले, बसन्तपुर घरभई हाल मनहरी-३ लामिटार बस्ने ३३ वर्षीय बिनोदबहादुर बल र मनहरी गाउँपालिका-५ बस्ने ३० वर्षीय सुरेश स्याङतान रहेका छन् । पक्राउ परेका उनीहरुको साथबाट लागूऔषध खैरोहेरोइन २९२ मिलिग्राम धुलो तथा बा ८९ प ६२९३ नम्बरको मोटरसाइकल बरामद गरिएको छ । बरामद सामग्रीसहित उनीहरुलाई इलाका प्रहरी कार्यालय मनहरीमा ल्याई थप अनुसन्धान अघि बढाइएको मकवानपुर प्रहरीले जनाएको छ ।

### सडक विस्तारमा अवरोध गर्नेलाई कडा कारवाही गर्ने प्रशासनको चेतावनी

# 'सबै तयारी पूरा, कुनैपनि हालतमा काम रोकिँदैन'

साझाकुरा संवाददाता



हेटौंडा, १७ मंसिर/ हेटौंडा बजारक्षेत्रको सडक विस्तार अभियानमा अवरोध पुऱ्याउने व्यक्तिलाई कानुनी दायरामा ल्याइने जिल्ला प्रशासन कार्यालय मकवानपुरले चेतावनी दिएको छ ।

बुधबार सार्वजनिक गरिएको सूचनामा प्रशासनले सडक विस्तार कार्यलाई रोक्ने, व्यवसायीलाई धम्क्याउने, उक्साउने र विकास निर्माणमा बाधा पुऱ्याउने गतिविधि सहन नहुने स्पष्ट गरेको छ । सडक डिभिजन कार्यालय मकवानपुरले मंसिर ५ गते सूचना जारी गर्दै सडक विस्तारका सबै तयारी पूरा भइसकेको जनाएको थियो । त्यसयता अधिकांश व्यवसायीले पसलका सामानमा 'सेल' अफर भनेर संरचना खाली गर्दै तथा तोकिएको मंसिर २० गतेभित्रै स्थानान्तरण गर्न सहयोग गरिरहेको प्रशासनले जनाएको छ ।

तर, केही व्यक्तिले सकारात्मक सहयोगलाई निरुत्साहित गर्दै धम्क्याउने, जबर्जस्ती पसल बन्द गराउने र सार्वजनिक काममा अवरोध सिर्जना गर्ने कार्य भइरहेको भन्दै प्रशासनले गम्भीर ध्यानाकर्षण गराएको छ । 'सडक विस्तार कार्यमा अवरोध खडागर्ने उद्देश्यले प्रेरित कुनैपनि गतिविधिप्रति पूर्णसचेत रहेको छ । कानुनविपरीत कार्य नगर्न-नगराउन अनुरोध गरिन्छ,' सूचनामा भनिएको छ । यदि कसैले सडक विस्तारमा अवरोध सिर्जना गरेमा त्यस्ता व्यक्ति वा समूहलाई विद्यमान कानुनअनुसार कडा कारबाही गरिने प्रशासनले उल्लेख गरेको छ ।

सडक डिभिजन कार्यालयले अघि बढाएको अभियानमा व्यापक जनसहभागिता रहेको र हेटौंडावासीले विकासका कामप्रति देखाएको समर्थन प्रशंसनीय रहेको पनि प्रशासनले जनाएको छ । सडक विस्तार कार्यमा जानीजानी अवरोध पुऱ्याउने, सार्वजनिकस्थानमा फोहोर फाल्ने, नियोजितरुपमा काम रोक्ने वा सरकारी निर्णय अवज्ञा गर्ने व्यक्ति विरुद्ध कानुनअनुसार कडा कारबाही गरिने प्रशासनले स्पष्ट पारेको छ । यस्ता गतिविधिमा संलग्नलाई व्यक्तिगतरुपमा समेत जिम्मेवार ठहर्याइने सूचनामा उल्लेख छ ।

प्रशासनले कुनैपनि हालतमा सडक विस्तारको काम नरोकिने जनाएको छ । लामो समयसम्म सबै पक्षको असहयोग सहन नसकिने बताउँदै सडक विस्तार सफल बनाउन सबैलाई सहयोग गर्न आग्रह गरेको छ । मंसिर २० गतेबाट काम थालिने र सघाउन स्थानीय प्रशासनले आग्रह गरेको छ । सडक विस्तारका दिन शनिबारसमेत परेकाले अनावश्यक भीडभाड नगर्न प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले सर्वसाधारणलाई आग्रह गरेका छन् । रमाइलो हेर्न जानेहरुलाई पनि घरधनीको समर्थनमा आएको भन्ने अर्थ लाग्न सक्ने भएकाले अनावश्यक व्यक्तिहरु उपस्थित नहुन उनले आग्रह गरेका हुन् ।

आमनागरिकलाई अनावश्यकरुपमा उपस्थित नभई घरमै बसिदिन उनले भनेका छन् । सडक विस्तार कार्यमा अवरोध सिर्जना भए कडा सुरक्षा रणनीतिका साथ प्रस्तुत हुने पनि उनले चेतावनी दिए । विकास निर्माणमा अवरोध गर्ने छुट कसैलाई पनि नभएको उनको भनाइ थियो । 'जिल्लाको जनशक्तिले मात्र अपुग हुने देखिएकाले प्रदेश सरकार र डीआईजी कार्यालयमार्फत् छिमेकी जिल्लाबाट समेत थप सुरक्षाकर्मी झिकाएर परिचालन गर्ने तयारी पूरा भएको छ,' उनले भने । विगतमा सडक विस्तारका क्रममा भएको झडप र अश्रुग्यास प्रहारको घटना दोहोरिन सक्ने आशंका उनले गरे ।

स्थानीय प्रशासन ऐन र सडक ऐनले विकासनिर्माणको काममा सहजीकरण गर्ने र अवरोध गर्न नहुने स्पष्ट व्यवस्था गरेको उल्लेख गर्दै, कानुनविपरीत जाने जोकोहीलाई कारबाहीको दायरामा ल्याइने बताए । 'अहिले हामीले सुरक्षा चुनौतीलाई बढी नै आंकलन गरेका छौं । खरायोको सिकार गर्न जाँदा बाघको तयारी गर्ने भनेजस्तै हाम्रो तयारी छ,' उनले भने, 'हाम्रो उद्देश्य पब्लिकलाई दु:ख दिने होइन । तर, कोही आपराधिक मानसिकता बोकेर आउँछ र शान्तिसुरक्षालाई नियन्त्रणमा लिन खोज्छ भने अश्रुग्यास र लाठी प्रहार स्वाभाविक हुन्छ । स्थानीय प्रशासन ऐनले दिएको अधिकार प्रयोग गरेर हामी स्थितिलाई नियन्त्रणमा लिन्छौं ।'

यो विषय व्यापारी र भाडामा बस्नेहरुले कुरा बुझिसकेका दाबी गर्दै उनले केही घरधनी र बाहिरी तत्वले मात्र समस्या खडा गर्न खोजे र उनीहरुलाई नियन्त्रणमा लिइने उनले बताए । उनले भदौ २४ गतेको जस्तै आन्दोलन हुन्छ भन्दै सामाजिक सञ्जाल र बाहिर धम्की (थ्रेट) दिने व्यक्तिहरुको पहिचान भइसकेको र उनीहरु निगरानीमा रहेको सीडीओ अधिकारीले खुलाए । 'बोल्ने स्वतन्त्रता छ भन्दैमा जे पनि बोल्ने र लेख्ने छुट कसैलाई छैन, अनावश्यक भिड गर्ने र प्रोटेस्टको नाममा कानुन हातमा लिने काम भए कोही उम्किन पाउँदैनन्,' उनले बताए ।

सडक डिभिजन कार्यालय हेटौंडाको अनुरोधमा २० गतेका लागि प्रशासनले पूर्णसुरक्षा बन्दोबस्त मिलाएको छ । अधिकारीका अनुसार सडक कार्यालयले डोजर, आवश्यक उपकरण र जनशक्तिको तयारी गरिसकेको छ । 'एकैपटक चार ठाउँबाट घरहरु भत्काउन सुरु गरिनेछ । एउटा घर भत्काउँदा त्यहाँ सुरक्षाको पूर्ण प्रत्याभूति हुन्छ । त्यसपछि टोली अर्को घरमा जान्छ' उनले भने । सडक विस्तारको क्रममा हेटौंडा उपमहानगरपालिकामा ५ सय ३१ घरटहरा प्रभावित हुने भएको छ ।

हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र पर्ने महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको सडक सीमा केन्द्र रेखादेखि २५-२५ गजभित्र बनेका स्थायी तथा अस्थायी प्रकृतिका ५ सय ३१ घरटहरा भत्किने भएका छन् । सडक डिभिजन कार्यालय हेटौंडाका अनुसार सडकको दायाँतर्फ २ सय ३४ र बायाँतर्फ २ सय ९७ संरचना भत्किने छ ।

# हेटौंडामा २५ गज सडक विस्तारको विरोधमा घरधनीको प्रदर्शन



साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ मंसिर २० गतेदेखि सुरुहुने २५/२५ गज सडक विस्तारको विरोधमा हेटौंडाका घरधनी तथा प्रभावित व्यवसायीले आन्दोलन चर्काउदै लगेका छन् ।

हेटौंडा सडकपीडित संघर्ष समितिको आयोजनामा बुधबार बुद्धचोकमा भेला भएका प्रभावितले ऱ्याली सहित सडक डिभिजन कार्यालय, जिल्ला प्रशासनकार्यालय र हेटौंडा उपमहानगरपालिका अगाडि प्रदर्शन गरेका थिए । ठूलो संख्यामा भेला भएका घरधनी तथा व्यवसायीले 'क्षतिपूर्ति व्यवस्था गर', 'सरकार न्याय दे', 'अतिक्रमणको बिल्ला लगाउन पाइदैन', '१५ दिने सूचना खारेज गर', 'बिनामुआब्जा सडक विस्तार गर्न पाइदैन', 'राज्यले नागरिकलाई सुकुम्बासी बनाउन पाउँदैन', 'व्यवसायीको उचित व्यवस्थापन गर'लगायतका नारासहित विरोध जनाएका थिए ।

सडक डिभिजन कार्यालय हेटौंडाले राजमार्गको केन्द्रबाट दायाँ-बायाँ २५/२५ गज क्षेत्रभित्र सडक विस्तार गर्ने तयारी अघि बढाएपछि प्रभावित घरधनी आक्रोशित बनेका हुन् ।

संघर्ष समिति संयोजक भुवनलाल श्रेष्ठसहितका प्रतिनिधिले सडक डिभिजन कार्यालयका सूचना अधिकारी यादव सुवेदी, जिल्ला प्रशासन कार्यालय मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशी र हेटौंडा उपमहानगरपालिका प्रमुख प्रशासकीय अधिकृत भरत गौतमलाई चारबुँदे ध्यानाकर्षणपत्र बुझाएका छन् ।

ध्यानाकर्षणपत्रमा हेटौंडा सहरको बीचभागबाट राष्ट्रिय राजमार्ग बिस्तार नगरी राप्तीपुलदेखि कुष्माण्ड सरोवर हुँदै रातोमाटेसम्म र राप्तीपुलदेखि चौकीटोल तिरतिर धारासम्मको वैकल्पिक मार्गराई राष्ट्रिय राजमार्ग बनाउन भनिएको छ । रातोमाटे-चौकीटोल तथा बुद्धचोक-राप्तीपुल खण्डमा हालको राजमार्गलाई सेडब्याक ढलपेटीसहित केन्द्र रेखाबाट १६-१६ मिटरमा सीमित राख्नुपर्ने माग गरिएको छ । १६-१६ मिटरमा सडक विस्तार हुँदा पूर्ण विस्थापित हुनेहरुको उचित व्यवस्थापन तथा क्षतिपूर्ति सरकारले गर्नुपर्ने उल्लेख छ । प्रभावितले दिएका विकल्पमा सरकार नजाने हो भने पर्याप्त क्षतिपूर्ति दिएर मात्र सडक विस्तार अघि बढाउनुपर्नेमा पीडितपक्षको माग रहेको छ ।

सडक सीमाभित्रका संरचना हटाउन मंसिर ५ गते जारी गरिएको सूचनाविरुद्ध पीडितपक्षले प्रभावित क्षेत्रमा बुधबार पनि व्यवसाय पूर्णरुपमा बन्द गराएका छन् । राप्तीरोड, बैंकरोड, पिपलबोटलगायत क्षेत्रका व्यवसाय ठप्प रहेका छन् ।

बिहीबारदेखि अनिश्चित कालीनरुपमा बजारक्षेत्रका व्यवसाय बन्द गर्ने चेतावनी दिएका छन् । आन्दोलनको कार्यक्रमअन्तर्गत् पीडितले बिहीबार लालपुर्जा सहित प्रदर्शन गर्ने तयारी गरेका छन् ।

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

# जनप्रिय क्याम्पसमा कृषिविज्ञान विषयमा स्नातक तहको अध्यापन सुरु



साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ हेटौंडा उपमहानगरपालिका-१६ हटिया स्थित हेटौंडा जनप्रिय क्याम्पसमा कृषिविज्ञान स्नातक तहको अध्यापन सुरुभएको छ ।

पूर्वाञ्चल विश्व विद्यालयबाट कृषिविज्ञान संकायतर्फ स्नातक तहको लागि सम्बधन लिएर अध्यापन सुरु गरिएको हो । क्याम्पस परिसरमा बुधबार आयोजित कृषिविज्ञान स्नातक तहको उद्घाटन तथा अभिमुखीकरण कार्यक्रममा पूर्वाञ्चल विश्वविद्यालयका रजिष्ट्रार कल्याणी मिश्र त्रिपाठीले कृषि विषयको स्नातक तहको अध्यापन सुरु भएको घोषणा गरिन् । कार्यक्रममा रजिस्ट्रार त्रिपाठीले नेपालमा व्यावसायिक कृषिको सम्भावना रहेको भन्दै गुणस्तरीय जनशक्ति उत्पादनमा विश्वविद्यालयले जोड दिँदै आएको बताइन् । हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले हेटौंडालाई शैक्षिक हब बनाउन शिक्षालाई प्राथमिकतामा राखेर काम गर्दै आएको जानकारी दिइन् ।

ईन्द्रसरोवर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीले पालिकाले कृषिलाई प्राथमिकता दिएर लगानी गर्दै आएको बताए । मकवानपुर बहुमुखी क्याम्पस सञ्चालक समिति अध्यक्ष एवम् सविधानसभा सदस्य अनन्त पौडेल, शिक्षाविद् पुरनबहादुर जोशी, हेटौंडा जनप्रिय क्याम्पस सञ्चालक समिति उपाध्यक्ष आनन्दराम पराजुली, हेटौंडा उपमहानगरपालिका वडा नम्बर १६ का वडाध्यक्ष रामकृष्ण कोईरालाले मकवानपुरमा कृषिक्षेत्रको विकासको उच्च सम्भावना रहेको भन्दै कृषि विज्ञानसँगै पशुचिकत्सा विषयको स्नातक तहको अध्यापन आवश्यक भएको बताए ।

सो अवसरमा हेटौंडा उपमहानगरका वडाध्यक्षहरु, प्राध्यापक, नागरिक समाज, कर्मचारीलगायतको सहभागिता रहेको थियो । हेटौंडा जनप्रिय क्याम्पसमा कृषि विज्ञान विषयको यसवर्ष स्नातक तहमा ४८ जना विद्यार्थीले अध्ययन गर्न पाउने गरी कोटा निर्धारणसँगै विद्यार्थी छनोट गरिएको छ ।

## मदन भण्डारी राजमार्गको सडकसीमा अतिक्रमण रोक्न पालिकालाई पत्राचार

साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/मदन भण्डारी राजमार्गको सडकसीमा अतिक्रमण भएको जनगुनासो बढेपछि सडक डिभिजन कार्यालय, हेटौंडाले बागमती गाउँपालिकालाई पत्र पठाएको छ ।

बुधबार पत्र पठाउँदै सडक सीमाक्षेत्रमा बनेका अवैध संरचना निर्माणकार्य तत्काल रोक्न आग्रह गरिएको छ । यसमा समन्वयका लागि जिल्ला प्रशासन कार्यालय, मकवानपुरलाई पनि बोधार्थ पठाइएको छ । सार्वजनिक सडक ऐन, २०३१ को व्यवस्थाअनुसार, केन्द्र रेखाबाट तत्कालीन धरान-चतरा-गाईघाट-कटारी-सिन्धुली-हेटौंडा सडकको दायाँबायाँ १५-१५ मिटर सडक सीमा तोकिएको बारे २०७२ चैत्र २९ गतेको राजपत्रमा प्रकाशित गरिएको स्मरण गराउँदै तोकिएको सीमाभित्र निर्माण भएका संरचना रोक्न आग्रह गरिएको छ ।

सडक डिभिजन कार्यालयका प्रमुख गुरुप्रसाद अधिकारीले हस्ताक्षर गरेको पत्रमा अनाधिकृत संरचना निर्माण कार्य रोक्न र सडक सीमा संरक्षणमा सहयोग पुऱ्याउन बागमती गाउँपालिकालाई आग्रह गरिएको छ । नेपाल सरकारले यस सडकलाई राष्ट्रिय राजमार्गको रुपमा स्तरोन्नति र सुधार गरिरहेको छ ।

**कर्मचारी आवश्यकता**

एक प्रतिष्ठित कम्पनीको लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा इच्छुकले तुरुन्त सम्पर्क गर्नहोला ।

| पद | आवश्यक संख्या |
|---|---|
| कुक | १ जना |
| बेकरी म्यान | १ जना |

**सम्पर्क नं. ९८५५०७२१०९**

साझाकुरा

## हाम्रो कुरा

# सफाचट कि विकल्प ?

मंसिर २० गतेदेखि हेटौंडामा हुन लागेको २५ गज सडक विस्तारको विरोधमा स्थानीय घरधनीले व्यवसाय बन्द गराउँदै आन्दोलनमा उत्रिएका छन् । सथानीय प्रशासन कुनैपनि हालतमा भत्काउने रणनीतिमा अगाडि बढेको छ । २५ गजभित्र परेका घरधनीले रगातको खोलो बगाउनु पर्छ भन्दै सामाजिक संजाल तताइरहेका छन् । सामान्य नागरिकले यो दोहोरो 'भर्सन' बुझ्निसक्नु बनेको छ । राजमार्ग फराकिलो हुनै पर्छ यसमा दुइमत छैन । हेटौंडाकै कारण एसियन हाइवे र ३ दर्जन देशसँगको सडक 'कनेक्टीभिटी' मा अवरोध सृजना गर्ने छुट नेपाल सरकारलाई छैन । सर्वसाधारणलाई सुकुम्बासी बनाएर सरकार चलाउन पनि सम्भावना छैन । आजभन्दा करिव ६० वर्ष अघिदेखि राष्ट्रिय राजमार्गको अवधारणा आएको थियो । ५० वर्ष अघि सडक ऐन आयो र त्यसले स्पष्ट रुपमा सडक सीमा किटान गर्‍यो । सडक सीमाभित्र घर बनाउनेको गल्ती भयो कि घर बनाउन दिने निकायको गल्ती भयो ? गलत कामको सुरुवात नागरिकले गरेको हो कि सरकारी निकायले गरेको हो ? अर्को कुरा भनेको अहिले सरकारले अझै डिभिजन सडक कार्यालयले घरटहरा भत्काउने सूचना मात्र जारी गरेको हो । सडक सीमा खाली गर्ने सूचना मात्र प्रकाशन भएको हो । बजार क्षेत्रका घर भत्केको खण्डमा ५३१ घर प्रभाबित हुनेवाला छ ।

त्यसमध्य पनि अधिकांशले मुआब्जा लिइसकेका छन् जुन तत्कालीन सदर मुकाम भीमफेदीबाट बितरण गरिएको थियो । मुआब्जा लिन बाँकी रहेका ब्यक्तिको हकमा पनि त राज्यले कुनै निर्णय गर्नुपर्ने हुन्छ होला नि । २० गते शनिबारदेखि भत्काउन सुरु हुँदैछ । तर, डिभिजन सडक कार्यालयले बजार क्षेत्र भत्काएपछि सडक बिस्तार गर्न डीपीआर तयारी गरेको छैन । बजार भत्काएर डीपीआर बनाउन बोलपत्र आब्हान गर्ने तयारीमा रहेको डिभिजन सडकको भनाइ सार्वजनिक भएको छ । यसको मतलब कम्तिमा अको एक वर्ष बजार क्षेत्र खण्डहर जस्तै देखिनेवाला छ । यो विषयमा नगरबासीले कुनै चिन्ता गरेका छैनन् । बजार क्षेत्रमा रोपिएका अशोकका रुख मास्ने कि त्यसलाई पुन सडक फराकिलो बनाएपछि छेउछाउमा ब्यवस्थापन गर्ने ? यो विषयमा पनि हामी मौन बसेका छौं । हिजोआज रुख नै 'सिफ्ट' गर्ने प्रबिधि आएको छ । यो रुख नमास्नका लागि प्राबिधिक रुपमा के गर्न सकिन्छ भन्ने विषयमा बहस पनि भएको छैन । बजार भत्काउने र तुरुन्तै बनाउने माग गर्ने चासो र चिन्ता कतै देखिएको छैन । सडक डिभिजन कार्यालय हेटौंडाले राजमार्गको केन्द्रबाट दायाँ-बायाँ २५/२५ गज सडक विस्तारको तयारी तीव्र पारेपछि आक्रोशित घरधनीले विरोधस्वरुप व्यवसाय बन्द गराउँदै हिडेका छन् । घरधनीले प्रभावितक्षेत्रका व्यवसायीलाई व्यापार व्यवसाय बन्द गर्न आग्रह गर्दै हिंडेपछि स्थानीय प्रशासनले कानुनी कारबाही गर्ने चेतावनी दिएको छ । सडक सीमाभित्र पर्ने घर भत्काउने सरकारी सूचनाको विरोध गर्दै स्थानीयले मुख्य बजारक्षेत्रमा प्रदर्शन गरेका छन् । राज्यले जनतालाई सुकुम्बासी बनाउन नपाउने धारणा उनीहरुले राखेका छन् । यो विषयमा ठूला भनिएका राजनीतिक दल मौन बसेको अवस्था छ ।

स्थानीय सरकार, प्रदेश सरकारको भूमिका पनि मौन देखिन्छ । यसको मतलव ५३१ वटा घर भत्कने निश्चित हो । मकवानपुर उद्योग वाणिज्य संघलगायत संघसंस्था पनि मौन बसेको आरोप उनीहरुले लगाएका छन् । घरधनीले सडकको चौडाइ १६ मिटर कायम गरिनुपर्ने वा बाइपास सडक प्रयोग गरिनुपर्ने माग राख्दै आएका छन् । यो विकल्पमा अगाडि बढ्ने सम्भावना देखिएको छैन । २०७३ मै बजार १६ मिटर मात्र भत्काउने र रातोमाटेदेखि चौकीटोसम्म बाइपास बनाउने भनेर तत्कालीन मन्त्रीपरिषदले निर्णय गरेको कमल थापाले बताएका छन् । प्रभावित क्षेत्रका पसल व्यवसायीले भने राज्य र घरधनी दुबैबाट दोहोरो मारमा परेको गुनासो गरेका छन् । उनीहरुले सेलमा सामग्री बिक्री गरेर भएपनि तोकिएको समयसम्म सटर खाली गर्ने तयारीमा रहेपनि घरधनीले व्यवसाय बन्द गरेर विरोधमा उत्रिन आव्हान गर्दा आफूहरु अप्ठ्यारोमा परेको बताएका छन् । यद्यपि केही समय बन्द गरेर पछि फेरि व्यवसायीले पसल खोलेर सामान सेलमा बिक्री गरिरहेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ मंसिर १९ गते शुक्रबार ५ डिसेम्बर २०२५ । प्रतिपदा, पौष कृष्णपक्ष । थिंलागा ११४६ ने.सं. । सूर्योदय ६:४१ सूर्यास्त ५:०७। स्वयंसेवक दिवस । विश्व माटो दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : नचिताएको काम सम्पन्न हुनेछ | तुला | : यात्राबाट नोक्सान हुनेछ |
| वृष | : मिहिनेतको फल मिल्नेछ | वृश्चिक | : घाउचोट लाग्न सक्नेछ |
| मिथुन | : स्वास्थ्यमा खराबी आउनेछ | धनु | : जग्गा जमिनबाट लाभ हुनेछ |
| कर्कट | : शुभ कामको संकेत मिल्नेछ | मकर | : सोचेभन्दा बढी खर्च हुनेछ |
| सिंह | : शरीरमा केही आलश्य हुनेछ | कुम्भ | : मित्रतामा कमी आउनेछ |
| कन्या | : सफलता मिल्न गाह्रो छ | मीन | : कामको जिम्मेवारी बढ्नेछ |

# बेलायतबाट नेपालका पार्टीले के सिक्ने ?



डा. बच्चुकैलाश कैनी

नेपालको माहोल अहिले चुनावमय हुँदैछ । लोकतान्त्रिक पद्धतिमा राजनीतिक दल, निर्वाचन र जननिर्वाचित सरकार विनाको राज्य प्रणाली, समाज र राज्य सबै अपुरो र अधुरो हुन्छ । निर्वाचन आयोगको तथ्यांक हेर्दा अहिलेसम्म ११९ वटा राजनीतिक दलहरू आयोगमा निर्वाचनका लागि दर्ता भएको देखिन्छ । यो कुनै नौलो विषय भएन । बेलायतबाट देखिने नौलो विषय चाहिं के हो भने नेपालका राजनीतिक दलको नीति बनाउने, दल सञ्चालन गर्ने, सांगठनिक क्षमता र सरकार सञ्चालनको तयारी भने उदेकलाग्दो, अस्पष्ट र अपरिपक्व देखिन्छ । निर्वाचन प्रक्रियामा राजनीतिक दल बीच प्रतिस्पर्धा हुँदा जनतासामु राजनीतिक दलले नीति र कार्यक्रम, देश वा समाज बनाउने मार्गचित्र, दलको संरचना र सांगठनिक अवस्था, नेतृत्व, पारदर्शिता र जवाफदेहिताका लागि कार्यक्रम प्रस्तुत गर्नुपर्ने हुन्छ ।

पहिलो कुरा गरौं राजनीतिक दलको नीति र कार्यक्रमको । सुसंस्कृत लोकतन्त्रमा राजनीतिक दलहरूको प्रमुख दायित्व भनेकै जनतासामु स्पष्ट नीति, कार्यक्रम र देश विकासको यथार्थवादी मार्गचित्र प्रस्तुत गर्नु हो । कुनै पनि दलले देश बनाउने मार्गचित्रको पहिलो आधार दलको आदर्श वा राजनीतिक दर्शन हो । त्यसैका आधारमा राजनीतिक दलले आफ्नो नीति र कार्यक्रम बनाउँछन् । बेलायतका प्रमुख सबै राजनीतिक दलहरूले आफ्नो दलको नीति र कार्यक्रम तयार पार्न तोकिएको समयमा हरेक वर्ष अधिवेशन वा 'एनुयल कन्फरेन्स' गर्छन् । यी महाधिवेशनमा बेलायती दलहरूले आफ्ना दलका प्रतिनिधि सहित सरोकारवालाहरू समेत सहभागी गराई घनीभूत रूपमा छलफल गर्छन् । तर, नेपालमा राजनीतिक दलले यस्ता कार्यक्रमहरू विरलै रूपमा आयोजना गर्छन् । आयोजना भए पनि औपचारिकतामा मात्र सीमित हुन्छन् । त्यसैले पनि नेपालका राजनीतिक दलका अधिकांश कार्यक्रम फितलो, अव्यावहारिक र लागू गर्न नसकिने खालका छन् ।

राजनीतिक दलको देश विकास गर्ने भिजन वा मार्गचित्र पनि त्यत्तिकै महत्वपूर्ण हुन्छ । बेलायतमा प्रमुख दलहरूले प्रत्येक निर्वाचनमा विस्तृत, तथ्यमा आधारित र अनुसन्धानद्वारा तयार पारिएको घोषणापत्र सार्वजनिक गर्छन् । महत्वपूर्ण कुरा के हो भने, यस्ता घोषणापत्रहरूमा दलका नीति र कार्यक्रमहरू लागू गर्नका लागि अनुमानित खर्च रकम र त्यसका लागि स्रोतको पहिचान गरिएको हुन्छ । तर नेपालमा सबैजसो दलले चुनाव नजिकिंदै गर्दा मात्र हडबडमा तयार गरिएका, अस्पष्ट र प्रचारमुखी घोषणापत्र ल्याउने प्रवृत्ति देखिन्छ । त्यसैले राजनीतिक दलहरू सरकारमा गएपछि आफ्नो बाचा पूरा गर्न नसक्ने अवस्थाले गर्दा हाँसो र घृणाको पात्र बनेका छन् । यो पुरानो दलमा मात्रै हैन, नेपालका नयाँ राजनीतिक दल हेर्दा नयाँ एजेन्डा, सोच, विचार र आदर्श वा दर्शनमा स्पष्टता देखिंदैन । अहिलेको अवस्थामा केवल कुनै व्यक्ति्त आफू स्थापित हुन वा मौकामा चौका हान्ने वा अवसरका लागि राजनीतिक दल दर्ता गर्ने वा राजनीतिमा आउन खोज्ने धेरै देखिएको छ ।

दोस्रो कुरा गरौं, राजनीतिक दलको आफ्नै संरचना र सांगठनिक अवस्थाबारे । राजनीतिक दलको पहिचान, शक्ति र समग्र अवस्था उसको सांगठनिक संरचनाबाट मापन हुन्छ । बेलायतका दलहरूमा स्थानीय तहदेखि केन्द्रीय तहसम्म स्पष्ट रूपरेखा, सदस्यता नवीकरण, आन्तरिक निर्वाचन, आर्थिक पारदर्शिता र आचारसंहिता कडाइका साथ लागू हुन्छन् । यसले दलभित्र पारदर्शिता, जिम्मेवारी, नेतृत्व विकास र दलको नीतिको निरन्तरता सुनिश्चित गर्छ ।

नेपालका धेरै दल अझै पनि व्यक्तिमुखी, कमजोर संगठन, सीमित आन्तरिक लोकतन्त्र र वित्तीय अपारदर्शिताका कारण चुनौतीको सामना गरिरहेका छन् । नेपालमा मुख्य राजनीतिक दलहरूले समेत ठोस कार्यक्रममा आधारित आफ्नो संगठन विस्तार, जनताको समस्या सुनुवाइ गर्ने प्रणाली र आफ्नो वार्षिक कार्ययोजना समेत तयार पार्न र लागू गर्न नसकेको देखिन्छ ।

तेस्रो, राजनीतिक दलको नेतृत्वको कुरा एकदम महत्वपूर्ण हो । राजनीतिक दलका नेताले नै देशको नेतृत्व लिएर देश बनाउन ठूलो भूमिका खेलेको हुन्छ ।

बेलायतमा हरेक आमनिर्वाचनमा जानुअघि प्रमुख राजनीतिक दलको नेता को हो र यदि कुनै दलले जित्यो भने को प्रधानमन्त्री बन्छ भन्ने कुरा स्पष्ट गरिएको हुन्छ । दलका नेताहरू अर्थात् भविष्यका सम्भावित प्रधानमन्त्रीहरू बीच हुने बहसका आधारमा मतदाताले नेताको हैसियत, गुण र दोष विश्लेषण गर्ने अवसर हुन्छ । नेतृत्व राजनीतिक संगठनको केन्द्र हो । बेलायतमा पार्टी नेतृत्व प्रतिस्पर्धात्मक निर्वाचनबाट चयन हुन्छ, जसमा दलका सबै सदस्यले मतदान गर्ने अवसर पाउँछन् । यसका साथै, नेतृत्व चयन प्रक्रियामा मतदाताको विश्वास केन्द्रमा रहन्छ । संसदमा नियमित प्रश्नोत्तर, कडा मिडिया परीक्षण र सार्वजनिक जवाफदेहिताले नेतृत्वलाई निरन्तर परीक्षणमा राखेको हुन्छ बेलायतमा ।

नेपालमा भने नयाँ र पुराना दलका नेताहरूले अझै पनि स्पष्ट राजनीतिक दर्शन, दीर्घकालीन भिजन र नीति व्यावहारिक रूपमा लागू गर्ने क्षमता देखाउन सकेका छैनन् । पाका र अनुभवी नेताहरू पनि अवसर र लोकप्रियतामुखी राजनीति गर्दै सार्वजनिक जवाफदेहिताबाट टाढा रहन्छन् ।

अन्तिम र महत्वपूर्ण कुरा, पारदर्शिता र जवाफदेहिताको हो ।

नेपालको राजनीतिक संस्कार सुदृढ बनाउन सबैभन्दा महत्वपूर्ण पक्षहरूमध्ये पारदर्शिता र जवाफदेहिता पर्छन् । बेलायतको राजनीतिक प्रणालीमा दलका आर्थिक स्रोतदेखि नीतिनिर्माण, नेतृत्व छनोट, सरकारी निर्णय र संसदीय गतिविधिसम्म सबै क्षेत्रमा कडाइका साथ पारदर्शिता कायम गरिन्छ, जसले जनविश्वास बढाउनुका साथै सत्ताको दुरुपयोग रोक्न प्रभावकारी भूमिका खेल्छ । संसदमा साप्ताहिक रूपमा हुने प्रश्नोत्तर, शक्तिशाली संसदीय समितिहरू र सार्वजनिक निगरानीका कठोर प्रणालीहरूले नेताहरूलाई निरन्तर उत्तरदायी बनाउँछ । नेपालमा भने राजनीतिक दलको अर्थ वा स्रोत व्यवस्थापन पारदर्शी छैन । त्यस्तै, निर्णय प्रक्रिया र आन्तरिक कार्यप्रणाली अझै पनि अस्पष्ट देखिन्छ । जसका कारण दलहरूप्रति जनताको विश्वास बढाउने हैन, घटाउने काम गरिरहेको छ ।

यदि नेपाली राजनीतिक दलहरूले बेलायतका राजनीतिक दलहरूले जस्तै खुला, पारदर्शी र जवाफदेही अभ्यासलाई लागू गर्न र संस्थागत गर्न सके जनताप्रतिको जवाफदेहिता बढ्नेछ र समग्र लोकतान्त्रिक प्रणाली धेरै प्रभावकारी र विश्वासिलो बन्नेछ । नेपाल र बेलायतको राजनीतिक अभ्यासको तुलना गर्दा नेपालले सिक्न सक्ने धेरै अभ्यास छन् । बेलायतका दलहरूले लागू गर्ने तथ्यमा आधारित नीतिनिर्माण, आन्तरिक लोकतन्त्र, नेतृत्व चयनको पारदर्शी प्रक्रिया, आर्थिक पारदर्शिता, हरेक कामको कडाभन्दा कडा परीक्षण, अनुगमन र निरीक्षण नेपालमा पनि लागू गर्न सके दलहरूलाई सकारात्मक बाटोमा अघि बढाउन मद्दत पुग्छ । शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र सुरक्षा क्षेत्र आदिका राष्ट्रिय प्राथमिकतामा निरन्तर पुनरावलोकन, आवश्यक सुधार र लागू गर्ने बेलायती राजनीतिको महत्त्वपूर्ण अभ्यास हो, जुन नेपालका राजनीतिक दलहरूले पनि आत्मसात् गर्न सक्छन् ।

अहिले नेपाल संघीयतामा अगाडि बढेको छ । यसले नेपालको विकास, शासकीय सुधार र नीति-निर्माणमा नयाँ अवसरहरू सिर्जना गरेको छ । तर राजनीतिक दलहरू सबल, उत्तरदायी र स्पष्ट नभएसम्म संघीय संरचनाले अपेक्षित परिणाम दिन सक्दैन । यदि नेपाली दलहरूले स्पष्ट दर्शन, अनुसन्धानमा आधारित नीति, बलियो सांगठनिक संरचना र पारदर्शी नेतृत्व प्रणाली विकास गर्न सके भने नेपालको राजनीति बढी परिपक्व, स्थिर र जनमुखी बन्न सक्नेछ । नेपालको लोकतन्त्र निरन्तर अभ्यास र सुधारको यात्रामा अघि बढ्दैछ । आगामी आमनिर्वाचन नेपालका राजनीतिक दलका लागि नयाँ दृष्टिकोण, नयाँ दक्षता र नयाँ उत्तरदायित्व सहित पुनर्गठित गर्ने अवसर पनि हो ।

बेलायतको तिखारिएको लोकतान्त्रिक अभ्यास र बेलायती दलहरूको संरचना, कार्य पद्धति र काम-कारबाही नेपालका लागि पनि सिकाइ हुन सक्छ । नेपालका राजनीतिक दलका सकारात्मक सोच, भविष्यमा समृद्धिउन्मुख नीति र कार्यक्रम एवं पारदर्शी कामले नेपालमा सक्षम, नीति केन्द्रित र भरोसा गर्न लायक राजनीति निर्माण गर्न पक्का सहयोग पुर्‍याउनेछ ।

*(साभार: अनलाइनखबर)*

# जेनजी आन्दोलनपछिको आगामी निर्वाचन

विश्वनाथ खरेल

नेपालको राजनीतिक इतिहासमा युवा पुस्ताको भूमिका सधैं निर्णायक रहेको छ । यसै क्रममा वि.सं. २००७ को क्रान्तिदेखि वि.सं. २०४६ र २०६२-६३ को जनआन्दोलनसम्म युवाहरूले परिवर्तनको अगुवाइ गरेका छन् । यस्तै, २०८२ सालमा भएको जेनजी आन्दोलनले नेपालको राजनीतिक परिदृश्यलाई नयाँ मोड दिएको छ । यो आन्दोलनमा केपी शर्मा ओली नेतृत्वको सरकारविरुद्ध सुशासन, भ्रष्टाचार नियन्त्रण, असमानता घटाउने र न्यायको माग गर्दै युवावर्ग उत्रिएका थिए । भदौ २३ गते शुरु भएको यो आन्दोलनले मात्र २४ घण्टामै सरकार ढालिदियो, प्रतिनिधिसभा विघटन भयो र नयाँ प्रतिनिधिसभाको निर्वाचन आउँदो फागुन २१ गते बिहीबारको लागि घोषणा भइसकेको छ । यो अर्थमा भन्ने नै हो भने जेनजी आन्दोलनको पृष्ठभूमि, घटनाक्रम, परिणाम र त्यसपछिको प्रतिनिधिसभाको निर्वाचनबारे विस्तृत चर्चा गरिनेछ ।

जेनजी आन्दोलनलाई नेपालको आधुनिक इतिहासमा डिजिटल क्रान्तिको रूपमा चित्रण गरिएको छ । यो आन्दोलन सामाजिक सञ्जालबाट शुरु भई सडकमा फैलियो, जसमा जेन जी पुस्ता (सन् १९९७-२०१२ जन्मिएका युवा) को प्रमुख भूमिका थियो । सरकारले २६ वटा सामाजिक सञ्जाल प्लेटफर्महरू (जस्तै- फेसबुक, ट्विटर, इन्स्टाग्राम) लाई दर्ता नगरेको भन्दै प्रतिबन्ध लगाएपछि यो आन्दोलन चर्कियो । युवाहरूले डिस्कर्डजस्ता वैकल्पिक प्लेटफर्महरू प्रयोग गरी आन्दोलनलाई संगठित गरे, जसमा अनलाइन मतदानबाट नयाँ प्रधानमन्त्री छनोट गर्ने प्रस्तावसमेत राखियो । जसमा भन्ने नै हो भने भदौ २४ गते प्रधानमन्त्री ओलीले राजीनामा दिएपछि प्रतिनिधिसभा विघटन भयो । यसले गर्दा मुलुकमा नयाँ निर्वाचनको बाटो खोलिदियो । यो घटनाले नेपालमा युवाशक्तिको उदयलाई प्रमाणित गरेको छ । तर यसले ल्याएको हिंसा र अस्थिरताले प्रश्नहरू पनि उब्जाएका छन् ।

मुलुकको राजनीतिक अस्थिरता लामो समयदेखि जारी नै रहेको छ । वि.सं. २०७२ को संविधानपछि भएका दुई निर्वाचन वि.सं. २०७४ र वि.सं. २०७९ मा पनि सरकारहरू स्थिर र हन सकेनन् । वि.सं. २०७९ को निर्वाचनपछि नेकपा (एमाले), नेपाली कांग्रेस र अन्य दलहरूको गठबन्धनबाट केपी शर्मा ओली प्रधानमन्त्री बनेका थिए । तर, यो सरकार भ्रष्टाचारको चरम आरोपहरूबाट घेरिएको थियो । फलत: वि.सं. २०८२ मा मात्र १० भन्दा बढी पूर्वप्रधानमन्त्री, मन्त्री र कर्मचारीहरूविरुद्ध भ्रष्टाचारका मुद्दा दर्ता भए । यसबाहेक, आर्थिक असमानता, बेरोजगारी र युवाहरूमाथिको दमनले धेरै नै असन्तोष बढाएको थियो ।

यसको साथसाथै सरकारले सामाजिक सञ्जालहरूमाथि प्रतिबन्ध लगाउने निर्णयले झनै आगोमा घिउ थपिदियो । यो प्रतिबन्धलाई युवाहरूले अभिव्यक्ति स्वतन्त्रतामाथिको आक्रमण ठाने । यसको परिणामस्वरुप भदौ २३ गते काठमाडौंमा शुरु भएको प्रदर्शन छिट्टै देशव्यापी भयो । यसमा विभिन्न प्रकारका घुसपेठ भई प्रदर्शनकारीहरूले सुशासन, न्याय र भ्रष्टाचार विरुद्ध नारा लगाए । तर, प्रहरीले अत्यधिक बल प्रयोग गर्दा भदौ २४ गते हिंसा भड्कियो । जसमा अर्बौं अर्बको सरकारी तथा गैरसरकारी लगायत निजी घर, सवारीसाधन आदि जलेर खरानीमा परिणत भए । जसमा नागरिकहरुको कुरा गर्ने हो भने ७६ जनाको ज्यान गयो र हजारौं घाइते भए । यो घटनालाई नेपालको आधुनिक इतिहासमा पहिलोपटक भ्रष्टाचारविरुद्धको आन्दोलनमा सामूहिक हत्या भएको रूपमा चित्रण गरिएको छ ।

मुलुकमा पहिलोपटक यस किसिमको आन्दोलनको नेतृत्व युवा कार्यकर्ताहरूले गरेका थिए । जसमा विद्यार्थी, कलाकार र डिजिटल एक्टिभिस्टहरू सामेल थिए । उनीहरूले जेनजी फर जस्टिसजस्ता ह्यासट्यागहरू प्रयोग गरी अन्तर्राष्ट्रिय ध्यान आकर्षित गरे । यो आन्दोलनलाई बंगलादेशको सन् २०२४ को विद्यार्थी आन्दोलनसँग तुलना गरिएको छ । त्यहाँ पनि युवाहरूले यस्तै किसिमले सरकार ढालेका थिए । तर, नेपालमा यो आन्दोलन नियन्त्रणबाहिर गएपछि अन्तरिम सरकार गठन भयो, जसको नेतृत्वमा न्यायिक छानबिन र सुधारका प्रतिबद्धताहरू गरिए । यो आन्दोलनले नेपालको राजनीतिमा नयाँ बहस छेडेको छ । वस्तुत: युवाहरूले परम्परागत दलहरूको विकल्प खोजिरहेका छन्, जसले राष्ट्रिय स्वतन्त्र पार्टीजस्ता नयाँ शक्तिहरूलाई बल दिएको छ । तर, आन्दोलनपछि भएको हिंसा र अराजकताले प्रश्न उब्जाएको छ- के यो परिवर्तन स्थायी हुनेछ वा फेरि अस्थिरता निम्त्याउनेछ ?

जेनजी आन्दोलनको दबाबमा प्रधानमन्त्री ओलीले भदौ २४ गते राजीनामा दिए । यो राजीनामा नेपालको इतिहासमा युवा आन्दोलनबाट भएको पहिलो सरकार परिवर्तन थियो । राजीनामासँगै प्रतिनिधिसभा विघटन भयो, जसलाई सर्वोच्च अदालतले पनि सदर गर्‍यो । नेपालको संविधानको धारा ७६ अनुसार, प्रधानमन्त्रीले विघटन सिफारिस गर्न सक्छन् । तर यो निर्णयलाई राजनीतिक षड्यन्त्रको रूपमा हेरिएको छ । विघटनपछि निर्वाचन आयोगलाई ६ महिनाभित्र निर्वाचन गराउने जिम्मेवारी दिइयो । यो विघटनले वि.सं. २०७९ को निर्वाचनबाट निर्वाचित सभालाई बीचमै समाप्त गर्‍यो । वि.सं. २०७९ को सभामा नेपाली कांग्रेसले ८९, एमालेले ७९, माओवादी केन्दले ३२ सिट जितेका थिए । तर, यो सभा गठबन्धन परिवर्तन र अस्थिरताबाट ग्रसित थियो । जेनजी आन्दोलनले यो अस्थिरतालाई चरमोत्कर्षमा पुर्‍यायो । सो विघटनपछि अन्तरिम सरकार गठन भयो । यो सरकारले आन्दोलनकारीहरूका मागहरू सम्बोधन गर्न छानबिन समिति गठन गर्‍यो, जसमा ओली र गृहमन्त्री रमेश लेखकविरुद्ध मुद्दा दर्ता भए ।

जेनजी आन्दोलनपछिको प्रतिनिधि सभाको निर्वाचन नेपालको संविधान २०७२ अनुसार मिश्रित निर्वाचन प्रणालीमा आधारित छ । प्रतिनिधिसभामा कुल २७५ सदस्य हुन्छन्: १६५ प्रत्यक्ष (फर्स्ट पास्ट द पोस्ट) र ११० समानुपातिक । प्रत्यक्षमा एक निर्वाचन क्षेत्रबाट एक सदस्य निर्वाचित हुन्छन् । जबकि समानुपातिकमा दलहरूले प्राप्त मतको आधारमा सिट बाँडफाँड हुन्छ । दलहरूले कम्तीमा ३ प्रतिशत मत प्राप्त गर्नुपर्छ समानुपातिक सिटका लागि ।

यो निर्वाचनको मिति फागुन २१ गतेलाई तोकिएको छ, जसले गर्दा निर्वाचन आयोगलाई तयारीका लागि समयको अभाव हुनेछैन । मतदाता नामावली अद्यावधिक गर्ने कार्यबाट पनि आठ लाखभन्दा बढी मतदाता थपिइसकेको अवस्था छ । त्यसै गरी सुरक्षा व्यवस्थालाई चुस्त तथा दुरुस्त किसिमले मिलाउने कार्य जोडतोडका साथ भइरहेको छ । तसर्थ चुनावमा आइपर्ने सानातिना चुनौतीहरू पनि बिस्तारै समाधान हुने क्रममा रहेका छन् । यस निर्वाचनमा युवा मतदाताहरूको भूमिका निर्णायक हुने अपेक्षा छ । किनकि जेनजी पुस्ता कुल मतदाताको ३० प्रतिशतभन्दा बढी मताधिकार र हेको छ । निर्वाचन आयोगले अनलाइन मतदाता शिक्षा र डिजिटल अभियानलाई जोड दिएको छ । तर, यो निर्वाचनमा विवादहरू पनि छन् । ओलीले यो सुशीला कार्कीको अन्तरिम सरकार लाई अवैधानिक भन्दै विघटित सभा पुनर्स्थापना मागेका छन् । जसरी जेनजी कार्यकर्ताहरूले ओली र लेखकलाई पक्राउ गर्न अभियान चलाइरहेका छन् । यसबाहेक, निर्वाचनलाई प्रभावित गर्न सामाजिक सञ्जालहरूको भूमिका बढेको छ, जसले फेक न्यूज र प्रोपागान्डाको जोखिम बढाएको छ ।

मुलुकमा रहेका निर्वाचनमा प्रमुख दलहरू नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा ( माओवादी केन्द), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), जनता समाजवादी पार्टी आदि छन् । जेनजी आन्दोलनपछि दलहरूले युवा एजेन्डालाई प्राथमिकता दिएका छन् । मंसिर ९ गतेसम्म आउँदो प्रतिनिधिसभाको चुनावको लागि दल दर्ता गर्नेको संख्या ८० पुगिसकेको छ । उता मतदाता नामावलीमा आफ्नो नाम दर्ता गर्नेको संख्यामा पनि वृद्धि भई थप आठ लाख बढीले आफ्नो नाम दर्ता गराइसकेका छन् । त्यसरी नै विभिन्न ठूला दलहरुमा नेपाली कांग्रेसले सुशासन र भ्रष्टाचार नियन्त्रणलाई मुख्य मुद्दा बनाएको छ । आन्दोलनपछि उनीहरूले युवानेतालाई टिकट दिने प्रतिबद्धता गरेका छन् । त्यसरी नै नेकपा (एमाले) ओलीको दलले आन्दोलनलाई षड्यन्त्र भन्दै राष्ट्रियता र विकासलाई जोड दिएको छ । तर, आन्दोलनकारीहरूबाट विरोध हुँदा उनीहरूको अभियान प्रभावित छ । त्यसरी नै नेकपा (माओवादी केन्दले सामाजिक न्याय र असमानता घटाउने मुद्दा उठाएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी र अन्य नयाँ दलहरू पनि जेनजी आन्दोलनबाट लाभान्वित हुने अपेक्षा छ । किनकि उनीहरूले सुधार र युवा प्रतिनिधित्वलाई जोड दिएका छन् ।

यसरी विभिन्न दलहरूले गठबन्धन निर्माणमा जोड दिएका छन् । तर आन्दोलनपछि युवाहरूले स्वतन्त्र उम्मेदवारहरूलाई समर्थन गर्ने सम्भावना छ । यो निर्वाचनका प्रमुख चुनौतीहरू सुरक्षा, निष्पक्षता र युवा सहभागिता हुन् । आन्दोलनपछि भएको हिंसाले सुरक्षा खतरा बढाएको छ । यसबाहेक आर्थिक संकट र जलवायु परिवर्तनजस्ता मुद्दाहरूले निर्वाचनलाई प्रभावित गर्न सक्छन् । यो सम्भावित परिणाममा गठबन्धन सरकार बन्ने सम्भावना छ, जसले सुधार ल्याउन सक्छ । यदि जेनजी प्रभाव बढ्यो भने, नयाँ संविधान संशोधन वा युवा नीतिहरू लागू हुन सक्छन् । तर, अस्थिरताले अर्थतन्त्रलाई असर पार्न सक्छ ।

निष्कर्षमा भन्नुपर्दा, जेनजी आन्दोलनले नेपाली राजनीतिमा परिवर्तनको लहर ल्याएको छ । जहाँ युवा पुस्ताले आफ्नो शक्ति र एजेन्डालाई निर्णायकरूपमा प्रस्तुत गरेका छन् ।

जेनजी आन्दोलनपछिको प्रतिनिधि सभाको निर्वाचन आशा र अनिश्चितताको दोसाँधमा उभिएको छ । यदि निर्वाचन सम्पन्न भयो र नयाँ निर्वाचित प्रतिनिधिहरूले आन्दोलनको मर्मलाई आत्मसात् गर्दै सुशासन, भ्रष्टाचार उन्मूलन र देश विकासका एजेन्डाहरूलाई इमानदारीपूर्वक कार्यान्वयन गरे भने, यो निर्वाचन नेपालको राजनीतिक इतिहासमा एउटा सकारात्मक र युगान्तकारी मोड बन्नेछ । अन्यथा, जेनजी पुस्ता फेरि एकपटक सडकमा उत्रिन हिच्किचाउने छैनन् भन्ने सन्देश स्पष्टरूपमा प्रवाहित भएको छ ।

अत: जेनजी आन्दोलनपछिको प्रतिनिधिसभाको निर्वाचन नेपालको लागि नयाँ अध्याय हुनेछ । अबको संसद् पुरानोजस्तो र हनेछैन । यसमा नयाँ ऊर्जा, नयाँ दृष्टिकोण र पारदर्शिताको चर्को माग हुनेछ । मूलत: जेनजी आन्दोलनले जनताले आफ्ना प्रतिनिधिबाट अपेक्षा गरेको नैतिकता, योग्यता र कार्यक्षमतालाई पुनर्स्थापित गर्ने अवसर दिएको छ । यस आन्दोलनले ल्याएको परिवर्तनलाई संस्थागत गर्न निर्वाचन निर्णायक हुनेछ । नेपालले यो अवसरलाई उपयोग गरेमा स्थिर र समृद्ध राष्ट्र निर्माण हुनेछ ।

*(साभार: न्यूज अफ नेपाल)*




# लगातार तीन हारपछि लय समात्दै लुम्बिनी



काठमाडौं/सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको आफ्नो पहिलो खेलमा लुम्बिनी लायन्सलाई हराएको थियो । गत संस्करण सबैभन्दा खराब नतिजासहित पुछारमा रहेर बाहिरिएको लुम्बिनीले यस संस्करणको सुरुवाती खेल नै जितेर राम्रो संकेत दिएको थियो ।

तर दोस्रो खेलमै लुम्बिनीलाई ठूलो झट्का लाग्यो । कर्णाली याक्ससँगको खेलमा लुम्बिनीले एकपक्षीय हार बेहोर्‍यो । मार्क वाटले शानदार शतक बनाउँदा लुम्बिनी निरीह बनेको थियो र नेट रनरेटमै पनि ठूलो धक्का पुग्नेगरी पराजित भएको थियो । त्यस हारले लुम्बिनीको मोमेन्टम पनि बिगारिदियो । त्यसपछि लुम्बिनीले लगातार दुई हार बेहोर्‍यो । टिम सन्तुलित देखिएपनि तालमेल नमिल्दा लुम्बिनीले लगातार तेस्रो हार बेहोरेपछि प्लेअफ सम्भावना कमजोर हुन थाल्यो ।

पाँचौं खेलमा लुम्बिनीले विदेशी खेलाडी थप्नुका साथै टिममा पनि केही परिवर्तन गर्‍यो र पोखरा एभेन्जर्सलाई पराजित गर्‍यो जहाँबाट कम्ब्याकको लक्षण देखिएको थियो । त्यसपछि बुधबार भएको छैटौं खेलमा अंकतालिकामा टप हाफमा रहेको विराटनगर किङ्सविरुद्ध स्टेटमेन्ट जित हासिल गर्दै लुम्बिनीले बीचमा गुमाएको लय फेरि समातेको संकेत दिएको छ । दक्षिण अफ्रिकी स्टार ब्याटर फाफ डुप्लेसीको आगमनपछि विराटनगरको टप अर्डर थप बलियो हुने आँकलन गरिएपनि लुम्बिनीसामू टप अर्डर चल्न सकेनन् । फलस्वरुप लुम्बिनीले विराटनगरलाई मध्यम योगफलमा रोकेर लक्ष्य पनि सहजै पूरा गर्दै तेस्रो जित हासिल गर्‍यो ।

**विराटनगरविरुद्ध प्रभावशाली जित**

बुधबारको खेलमा लुम्बिनी लायन्सले टस जितेर पहिले बलिङ गर्ने निर्णय गरेको थियो । विराटनगरले पहिले ब्याटिङ गर्दा आजको खेलमा ओपनिङ जोडी परिवर्तन गरेको थियो ।

दक्षिण अफ्रिकी स्टार फाफ डुप्लेसीको आगमनपछि उनलाई जर्ज मन्सेसँग ओपनिङमा पठाइयो । यद्यपी ओपनिङ राम्रो भने हुन सकेन । मन्से शून्यमै आउट भए भने डुप्लेसी पनि २ चौकासहित १२ रन मात्र बनाएर आउट भए ।

त्यसपछि क्रिजमा रहेका लोकेश बम र अस्ट्रेलियन ब्याटर साम हिजलेटले संयमित ब्याटिङ गर्दै ५५ रनको साझेदारी बनाए । लोकेश ४२ बलमा ३५ रन बनाएर आउट भए भने हिजलेट २० बलमा २७ रन बनाएर आउट भए । त्यसपछि बसिर अहमदले १९ बलमा २८ रन बनाउनुबाहेक गतिलो फिनिसिङ हुन सकेन । विराटनगरले १४४ रनको योगफल खडा गर्‍यो ।

लोकेश बमले खेलपछि आफ्नो ब्याटिङबाट खुसी नभएको प्रतिक्रिया दिएका थिए । 'मैले राम्रो कन्भर्ट गर्न सकिनँ, अलि लामो खेल्नुपर्ने तर भएन' उनले भने, 'म खुसी छैन आफ्नो प्रदर्शनबाट, आउने खेलहरूमा राम्रो गर्ने प्रयास गर्नेछु ।' उनले टप अर्डरबाट राम्रो प्रदर्शन नभएको र २०-३० रन कम भएको उल्लेख गरे । लुम्बिनीका लागि शेर मल्लले ४ ओभरमा २५ रन दिएर ३ विकेट लिए । त्यसमा ओपनर मन्सेसँगै साम हिजलेट र नारायण जोशीको विकेट सामेल थियो । उनी प्लेयर अफ द म्याच समेत बने । अभिशेष गौतमले फाफ डुप्लेसीलाई स्टम्प आउट भएका थिए ।

जवाफमा लुम्बिनीले सुरुवातदेखि नै संयमित ब्याटिङ गरि रहेको थियो । सुमित महर्जन १० रनमै आउट भएका थिए भने वान डाउनमा आएका कप्तान रोहित पौडेल शून्यमै आउट भए ।

अर्का ओपनर डार्सी शर्टले भने सुरुवातदेखि नै राम्रो ब्याटिङ गरिरहेका थिए । उनले म्याच विनिङ अर्धशतक बनाए । ४४ बलमा ६ चौका र २ छक्कासहित ५७ रन बनाए । अन्य खेलमा राम्रो सुरुवात पाएर पनि ठूलो बनाउन नसकेका शर्टले आज पनि धैयर्तापूर्ण ब्याटिङ गरेका थिए ।

यस्तै अघिल्लो खेलमा पनि क्यामिओ पारी खेलेका श्रीलंकन निरोशन डिक्रुवेलाले आज पनि अविजित २९ रन बनाए । सन्दीप जोराले २५ रन बनाए । लुम्बिनीले १४ बल अगावै लक्ष्य पूरा गर्‍यो ।

जितपछि लुम्बिनीका खेलाडी सन्दीप जोराले पछिल्ला दुई खेलमा राम्रो ब्याटिङ भएकाले जित सम्भव भएको बताए । 'सबै खेलाडीबाट योगदान भइरहेको छ, डिक्रुवेलाको आगमनले मिडल अर्डर ब्याटिङ पनि सन्तुलित भएको छ' उनले भने ।

**फाफको आगमनले उत्साह**

दक्षिण अफ्रिकी ब्याटर फाफ डुप्लेसीलाई अनुबन्ध गरेदेखि नै विराटनगर चर्चामा थियो । उनी दुबईमा टी-१० लिग खेलेकाले सुरुवाती ५ खेलमा विराटनगरका लागि उपलब्ध थिएनन् । सोमबार नेपाल आइपुगेका डुप्लेसीले मंगलबार टिमसँग अभ्यास गरेर बुधबारको खेलमा खेलेका थिए । यद्यपी उनको ब्याट भने चल्न सकेन । ९ बलमा १२ रन मात्र बनाउन सके । फिल्डिङमा भने एक उत्कृष्ट क्याच लिएका थिए ।

लोकेशले फाफको आगमनले टिममा नयाँ ऊर्जा थपिएको बताए । 'धेरै फरक त थिएन, खेलाडीहरू उत्साहित थिए । उनलाई सधैँ टिभीमा मात्र देखेको थियौं, सँगै खेल्न पाउँदा धेरै खुसी लाग्यो' उनले भने, 'यो सबैको लागि सपनाजस्तै थियो, जित हार आफ्नो ठाउँमा छ तर उनको आगमनले ड्रेसिङ रूपमा सबै खुसी र उत्साहित छन् ।' 'उनीहरूलाई हेरेर नै सिक्न पाइने हो, उनीहरूले कसरी खेलिरहेको छ, कसरी खेल चलाइरहेको छ त्यो हेरेर नै सिक्ने हो' उनले थपे ।

**रोहित पौडेलको क्याच लिएपछि फाफ डुप्लेसी**

लोकेशले आफ्ना लागि भने मार्टिन गप्टिल अझ ठूलो खेलाडी भएको समेत बताए । 'मैले चाहिँ सानैदेखि उनलाई हेर्दै र आइडल मान्दै खेल्न सुरु गरेको हो, विराटनगरको अफिसियललाई पनि धन्यवाद दिनुपर्छ यो वातावरण बनाइदिनुभएकोमा' लोकेशले भने ।

जोराले पनि फाफ विश्वस्तरीय खेलाडी भएको बताउँदै उनको फ्यान भएपनि आजको खेलमा भने विपक्षीकै रूपमा हेरेको बताए । 'खुसी त लाग्छ, फ्यान भएपनि आज ओपोजिसनकै रूपमा हेरेका थियौं' उनले भने ।

**प्लेअफको सम्भावना**

बुधबारको जितपछि लुम्बिनी ६ खेलमा ६ अंक जोडेर चौथो स्थानमा उक्लिएको छ । विराटनगरको पनि ६ खेलमा ८ अंक छ । लुम्बिनीले अब जनकपुर बोल्ट्ससँग खेल्न बाँकी छ । लुम्बिनीले प्लेअफ पुग्न आफ्नो अन्तिम लिग खेलमा जनकपुरलाई हराउनुपर्नेछ भने पोखरा एभेन्जर्स र चितवन राइनोजले बाँकी एक-एक खेल हार्नुपर्नेछ । अब पोखरा र चितवन एक आपसमा खेल्न बाँकी रहेकोले यदी कुनै एक टिमले दुवै खेल जितेमा र लुम्बिनीले पनि अन्तिम खेल जितेमा ८ अंक पुग्नेछ यस्तोमा नेटरनरेट निर्णायक हुनेछ ।

बिहीबार चितवनले सुदुरपश्चिमसँग र पोखराले काठमान्डु गोर्खाजसँग खेल्दैछ । यदि चितवन र पोखरा पराजित भएमा लुम्बिनीले शुक्रबार जनकपुरलाई हराएर ८ अंकसहित प्लेअफमा छनोट हुनेछ ।

विराटनगरले भने टेबल टपर सुदूरपश्चिमसँग खेल्न बाँकी छ । उक्त खेल जिते स्वत: प्लेअफमा पुग्नेछ । पराजित भएपनि विराटनगर छनोट हुने समीकरण बन्न सक्छ । जोराले अन्तिम खेलमा पनि जित निकालेर समीकरणको बारेमा बल्ल ध्यान दिने बताए ।

(स्रोत:अनलाइनखबर)

# व्यवस्थित बस्ती विकासका लागि प्रदेश सरकार अग्रसर: मन्त्री देवकोटा



साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ बागमती प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री डा. दिनेशचन्द्र देवकोटाले व्यवस्थित बस्ती विकासका लागि पालिकाको भूमिका नै महत्वपूर्ण हुने बताएका छन् ।

भौतिक पूर्वाधार विकास मन्त्रालयको आयोजनामा पालिका केन्द्र-बस्ती विकास आयोजनासम्बन्धी अन्तरक्रियामा मन्त्री देवकोटाले बस्ती विकासको कार्यविधि बनाउन नै चुनौती रहेको बताए । पालिकालाई मन्त्रालयको तर्फबाट कार्यविधि बनाउन सबै सहयोग प्रदान गर्ने बताउँदै उनले कार्यविधि औचित्यका आधारमा बनाउनुपर्नेमा जोड दिए । 'आवश्यकता अनुसार एकवर्षीय र बहुवर्षीय योजना बनाउनुपर्छ । भएका विकृति विसंगति कम गर्दै सुधार गर्दै जानुपर्छ । बस्ती विकासमा पालिकाको भूमिका नै महत्वपूर्ण हुन्छ', उनले भने ।

मन्त्रालयका सचिव ईश्वरचन्द्र मरठ्ठाले अहिले सहर बनिसकेका ठाउँलाई व्यवस्थित र सुधार गर्दै सहर नबनेका ठाउँका लागि अहिले नै योजना बनाएर अघि बढ्नुपर्ने बताए । 'बनाएका योजना दराजमा थन्क्याएर हुँदैन, कार्यान्वयन गरिहाल्नुपर्छ, बस्ती विकासका सवालमा हामी असफल भएका छौं', उनले भने । कार्यक्रममा दक्षिणकाली नगरपालिकाका प्रमुख मोहन बस्नेतले आफ्नो नगरपालिकामा फोहर व्यवस्थापनका लागि उचित ठाउँ पर्याप्त भएकाले अन्य पालिकालाई सहयोग गर्न तयार रहेको जनाए ।

इन्द्रावती गाउँपालिका, सिन्धुपाल्चोकका अध्यक्ष झम्कनाथ नेपालले स्थानीय तहमा कनिका छराइको बजेटले कुनै उपलब्धि नहुने धारणा राखे । त्रिपुरासुन्दरी गाउँपालिका, धादिङका अध्यक्ष राजु उप्रेतीले भूकम्पपछि उचित नीति बन्न नसक्दा भवन निर्माण अस्तव्यस्त भएको बताए । खाँडादेवी गाउँपालिका, रामेछापका अध्यक्ष ज्ञानकुमार श्रेष्ठले अव्यवस्थित बसोबासका कारण गाउँहरु संकटमा परेको बताए । कोन्ज्योसोम गाउँपालिका, ललितपुरका अध्यक्ष कृष्णमान लामाले काठमाडौं उपत्यका भरिन लागेको उल्लेख गर्दै अब बस्तीको अभाव हुनेतर्फ ध्यानाकर्षण गराए । कार्यक्रममा इन्जिनियर भूपेन्द्रकुमार यादवले बस्ती विकासको योजना र विषयवस्तु प्रस्तुत गरेका थिए ।

# राजनीतिमा होमिएकी सेलिब्रेटी रीमा, भन्छिन् : देश बनाउन साथ दिनूस्



काठमाडौं/टिभी कार्यक्रम प्रस्तोता एवं अभिनेत्रीको रुपमा चिनिएकी रीमा विश्वकर्माको करिअरमा दोस्रो चरण सुरु भएको छ । उनी कूलमान घिसिङ समर्थित दल 'उज्यालो नेपाल पार्टी' बाट राजनीतिमा होमिएकी छिन् । बुधबार आयोजित पार्टीको घोषणा सभामा बोल्दै उनले देशले परिणाममुखी नेतृत्व खोजिरहेको बताइन् ।


घिसिङको कार्यशैलीबाट आफू प्रभावित भएको उनले बताइन् । कार्यक्रममा उनले भनिन्, 'जब ममा राजनीतिक चेत आयो, यो देशमा सरकारमा बसेर कसैको नेतृत्वले मेरो दैनिकी र मेरो जीवनशैलीमा प्रत्यक्ष प्रभाव पारेको थियो भने त्यो लोडसेडिङ अन्त्यको निर्णय थियो । मैले त्यसैदिन कुलमान घिसिङलाई अगुवा मानेको थिएँ ।'

घिसिङले घर-घरमा उज्यालो ल्याएको भन्दै आफूहरू देश उज्यालो बनाउने अभियानमा लागेको रीमाले बताइन् । '१८ घण्टे लोडसेडिङलाई हटाएर उहाँले तपाईं र हाम्रो घरमा त उज्यालो ल्याइसक्नु भयो । अब उज्यालो नेपाल पार्टीमार्फत देशको भविष्य उज्यालो बनाउने महाअभियानमा लागेका छौं' उनले भनिन् ।

टेलिभिजन पत्रकारिताको पृष्ठभूमिबाट अघि बढेकी रीमाले थुप्रै म्युजिक भिडियो, केही फिल्म र केही टिभी कार्यक्रम समेत होस्ट गरेकी छिन् । 'दुई दशकदेखि म प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा यो समाजसँग जोडिई नै रहेकी छु । अब मैले उठाउने विषय, उठाउने आवाज र म उभिने मञ्च आफ्नो व्यक्तिगत निजी सफलताका लागि मात्र नभएर आवाजविहीनहरूको आवाज बन्न प्रण गर्नेछु' उनले भनिन् ।

उनी भन्छिन्, 'महिलाहरूको प्रतिनिधित्व गर्न, युवाहरूले उठाएका मुद्दालाई स्थापित गर्न र राज्यले समान भनेका अल्पसंख्यक तथा उपेक्षित समुदायको अधिकारलाई व्यवहारमा उतार्नका लागि उपयोग गर्ने प्रण गरेको छु ।' आफ्नो दललाई देश निर्माणको अभियानमा साथ दिन उनको आग्रह छ ।

# बेमौसमी झरी र बाढीले कृषिमा साढे ६ अर्ब बढी क्षति, धान र तरकारीमा धेरै



काठमाडौं/गत असोज र कात्तिकमा आएको बेमौसमी झरी र बाढीले कृषि क्षेत्रमा साढे ६ अर्ब रुपैयाँभन्दा बढीको आर्थिक क्षति भएको छ । कृषि मन्त्रालयले २३ असोजमा गठन गरेको एक समितिले कृषि र पशुपन्छीतर्फ ६ अर्ब ६७ करोड रुपैयाँ बराबर क्षति भएको देखाएको हो ।

सहसचिव जगन्नाथ तिवारीको संयोजकत्वमा गठित समितिले मन्त्रालयमा आफ्नो प्रतिवेदन बुझाएको छ । प्रतिवेदन अनुसार १७ देखि १९ असोजसम्म आएको बेमौसमी बाढीले कृषि क्षेत्रमा कुल ३ अर्ब ७६ करोड १२ लाख ५२ हजार बराबर क्षति गरेको देखिन्छ । उता, १५ देखि १७ कात्तिकसम्म आएको बेमौसमी झरी र बाढीले कृषिमा २ अर्ब ९१ करोड १६ लाख १० हजार बराबरको क्षति गरेको तथ्यांकले देखाएको छ ।

यसरी दुई महिनामा आएको बेमौमसी झरी र बाढीले कृषिमा साढे ६ अर्ब रुपैयाँमाथि क्षति गरेको छ । प्रतिवेदन अनुसार यसपालि झरी र बाढीबाट सबैभन्दा धेरै धानी बालीमा क्षति पुगेको छ । यसबाहेक पशुपन्छी, मत्स्य तथा घाँसखेती, कृषि पूर्वाधार, पशुपन्छी पूर्वाधार, कृषि कार्यालय र जमिन कटानबाट भएको क्षतिलाई प्रतिवेदनले समेटेको छ ।

**असोज र कात्तिकको बाढीबाट कहाँ-कहाँ क्षति ?**

१७ देखि १९ असोजसम्म आएको बेमौसमी वर्षा र बाढीले पाँच प्रदेशका ३० जिल्ला र १ सय २३ स्थानीय तह प्रत्यक्ष प्रभावित भएको पाइएको छ । कोशी प्रदेशका १३ जिल्ला प्रभावित भएका थिए । जसमा झापा, इलाम, पाँचथर, ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, खोटाङ, सुनसरी, मोरङ, सोलुखुम्बु, ओखलढुंगा र उदयपुर छन् । मधेशका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी ८ जिल्ला प्रभावित भएका छन् । बागमतीका नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुली, रामेछाप र चितवन गरी ५ जिल्ला प्रभावित भएका छन् ।

त्यस्तै गण्डकीका दुई (नवलपरासी पूर्व र गोरखा) तथा लुम्बिनीका दुई जिल्ला बाँके र बर्दिया प्रत्यक्ष प्रभावित भएको तथ्यांकले देखाएको छ । उता, १५ देखि १७ कात्तिकसम्म आएको वर्षा र बाढीले ५ प्रदेशमा क्षति पुगेको थियो । तीमध्ये कोशीका १४ जिल्ला, मधेशका ८, बागमतीका १०, गण्डकीको १ र लुम्बिनीका ६ जिल्लामा प्रत्यक्ष प्रभाव परेको तथ्यांकले देखाएको छ ।

**असोज बाढीले कुन बालीमा कति क्षति ?**

असोजमा परेको बेमौसमी झरी र बाढीले कुल १० हजार ८ सय ४० हेक्टर धान खेती गरिएको क्षेत्रफल प्रभावित भएको पाइएको छ । यसबाट २७ हजार ७ सय २९ टन धान उत्पादनमा ह्रास आएको देखिएको छ । जसले कुल ८६ करोड ८२ लाख ७३ हजार बराबर क्षति भएको छ । धानखेतीमा सबैभन्दा बढी नवलपुर जिल्लामा क्षति भएको छ । त्यहाँ ४ हजार ४ सय ८५ हेक्टर क्षेत्रफलमा क्षति भएको देखिएको छ । सबैभन्दा कम चितवनमा ०.०६७ हेक्टर क्षेत्रफलमा गरिएको धानखेतीमा क्षति भएको थियो ।

बजार मूल्यका आधारमा सबैभन्दा धेरै रौटहटमा २३ करोड ८५ लाख ७२ हजारको क्षति भएको देखिन्छ । सबैभन्दा कम तेह्रथुममा १ लाख १४ हजारको धानबालीमा क्षति पुगेको छ । मूल्यका हिसाबले कोशीमा १४ करोड ८० लाख, मधेश ७० करोड ९९ लाख र बागमतीमा ३७ लाख बराबरको धानबालीमा क्षति पुगेको देखिन्छ ।

कोदोमा कुल ५६.५४ हेक्टर क्षेत्रफल प्रभावित भएको छ । ६०.६७ टन कोदो उत्पादनमा ह्रास आएको र ५ लाख ३६ हजार बराबर क्षति भएको छ । तरकारीमा सबैभन्दा धेरै आर्थिक क्षति भएको तथ्यांक छ । झरी र बाढीले १ हजार ३ सय ६१ हेक्टर तरकारी खेती गरिएको क्षेत्रफल प्रभावित भएको छ । १६ हजार १ सय २० टन तरकारी उत्पादनमा क्षति भएको छ । १ अर्ब २५ करोड ७१ लाख ३३ हजार बराबर आर्थिक क्षति तरकारी बालीमा भएको छ । यसमा पनि सबैभन्दा ठूलो क्षति मधेशमा भएको छ ।

फलफूलतर्फ १ सय ९४ हेक्टर जमिन प्रभावित भएको छ । २ हजार ९ सय ९९ टन उत्पादन घटेको छ । ५६ करोड ८८ लाख बराबर क्षति भएको तथ्यांकले देखाएको छ । त्यस्तै उखु बालीतर्फ १ हजार ५ सय ७६ हेक्टर क्षेत्रफल प्रभावित भएको छ । ७ लाख ७० हजार ४० टन उत्पादनमा कमी आएको छ । यसबाट ७७ हजार ३० लाख ५८ हजार रुपैयाँ बराबर क्षति भएको छ । उखु बालीमा समेत मधेशले सबैभन्दा बढी क्षति बेहोरेको छ ।

अलैंची खेतीतर्फ ३५.३९ हेक्टर क्षेत्रफल प्रभावित बनेको छ । २४.४५ टन अलैंची उत्पादनमा ह्रास आएको छ । ७७ लाख १५ हजार बराबर क्षति भएको छ । अलैंचीतर्फ सबैभन्दा बढी क्षति कोशी प्रदेशमा पुगेको छ । यस्तै अदुवा बालीमा ४५ लाख ७१ हजार, आलु ४५ लाख ७१ हजार, चिया र कफी बाली ६ लाख ८ हजार, दलहन ४ लाख ६ हजार र अन्य बालीको क्षति २८ करोड ९९ लाख ३२ हजार बराबर भएको तथ्यांकले देखाएको छ । बीउतर्फ २ करोड ८१ लाखको क्षति भएको छ । प्रदेशगत हेर्दा तराई क्षेत्रमा सबैभन्दा बढी अन्नबालीमा क्षति भएको देखिएको छ । मधेश प्रदेशमा मात्र असोजको बाढीले ३ अर्ब २२ करोड ४७ लाखको क्षति बेहोरेको छ । कोशीले २९ करोड ७८ लाख क्षति बेहोरेको छ ।

पशुपन्छी, माछा र घाँस बालीतर्फ २१ जिल्लाका ८१ स्थानीय तहको ३ सय ८१ घरधुरी प्रभावित भएका छन् । जसको आर्थिक क्षति १६ करोड १५ लाख बराबर छ । कृषि पूर्वाधारमा कुल १ करोड ६ लाख बराबर क्षति भएको छ । सरकारी कार्यालयतर्फ ५८ लाख ६० हजार क्षति भएको छ । कृषि जमिनतर्फ कुल ३ करोड ७१ लाख बराबर क्षति भएको छ ।

**कात्तिकको झरी र बाढीको क्षति कति ?**

कात्तिकमा परेको बेमौसमी झरी र बाढीले सबैभन्दा धेरै धान बालीमा क्षति गरेको छ । कुल २० हजार १ हेक्टरमा धान खेती गरिएको क्षेत्रफल प्रभावित बनेको छ । यसबाट ७५ हजार ६ सय ७४ टन उत्पादन घटेको देखिएको छ । यसबाट कुल २ अर्ब ६६ करोड ४१ लाख बराबरको क्षति भएको छ । सबैभन्दा धेरै झापामा ४ हजार ३ सय ३६ हेक्टरमा लगाइएको धान बालीमा क्षति भएको छ । सबैभन्दा कम बर्दियामा ५ हेक्टर क्षेत्रमा लगाइएको बालीमा क्षति पुगेको देखिएको छ । धान बालीतर्फ कोशीमा मात्र २ अर्ब १ करोड बराबर क्षति भएको छ ।

(स्रोत:अनलाइनखबर)

# 'परिवर्तन' पोस्टर: सुशीलको एक्सन, अञ्जनाको न्यायिक नजर

काठमाडौं/अभिनेता सुशील श्रेष्ठलाई एक्सन अवतारमा प्रस्तुत गर्दै फिल्म 'परिवर्तन'को क्यारेक्टर पोस्टर सार्वजनिक गरिएको छ । दिब्यासी फिल्म्सको ब्यानरमा निर्माण भएको यस फिल्मको बुधबार सार्वजनिक दोस्रो चरणको पोस्टरमा सात मुख्य कलाकारहरू आ-आफ्नो पात्र लुक्समा प्रस्तुत छन् ।

पोस्टरमा घाइते अवस्थामा रहेका सुशील दुश्मनमाथि बन्दुक तानेर उभिरहेका छन्, जसले उनको पात्र परिवर्तनका लागि सर्वस्व झोक्न तयार रहेको संकेत गर्छ । अभिनेत्री अञ्जना बराइली इन्स्पेक्टरको भूमिकामा छिन् । उनको नजरले अपराध अनुसन्धानमा जिम्मेवारी र न्यायप्रतिको प्रतिवद्धता झल्काउँछ । सरोज खनाल, करिश्मा मानन्धर, बुद्धि तामाङ, हेमन्त बुढाथोकी र सुवास मेचेलाई पनि पोस्टरमा उतारिएको छ ।

विजय केरुङको निर्देशन रहेको फिल्मका निर्माता दीपक सिवाकोटी हुन् । उनी स्वयंको कथा रहेको फिल्ममा शिवम् अधिकारीको पटकथा तथा संवाद, शिव ढकालको डिओपी, बन्दे प्रसादको सम्पादन, रामजी लामिछानेको कोरियोग्राफी, एसडी योगीको संगीत तथा श्री श्रेष्ठको द्वन्द्व निर्देशन रहेको छ । 'परिवर्तन' आगामी माघ ९ गतेबाट देशभर प्रदर्शनमा आउनेछ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# धमाधम ठेक्का तोड्दै सरकार, रुष्ट बन्दै निर्माण व्यवसायी

साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ सरकारले रुग्ण आयोजनाको ठेक्का तोड्ने कार्यलाई तिब्रता दिएपछि निर्माण ब्यवसायीमा निराशा बढेको छ ।

सडक विभागले मात्रै अहिले विभिन्न डिभिजन, योजना कार्यालयमार्फत् २ सय २९ वटा रुग्ण ठेक्का तोड्ने प्रक्रिया अघि बढाएको छ । यी ठेक्कामा निर्माण व्यवसायीसँग समयमै काम नसकिनुको कारण पेश गर्न सार्वजनिक आह्वान गरिएको छ । सडक विभागका उपमहानिर्देशक एवं प्रवक्ता श्यामबहादुर खड्काले सडक डिभिजन काठमाडौंअन्तर्गतका २५ सहित ३८ वटा ठेक्का तोडिएको जानकारी दिए । उनकाअनुसार अलपत्र ठेक्का किन नतोड्ने ? भन्ने शीर्षकमा सार्वजनिक सूचना जारी गर्दै सम्बन्धित ठेकेदारलाई १५ दिनभित्र स्पष्टिकरण दिन आह्वान गरिने गरिएको छ ।

कतिपय निर्माण व्यवसायीले सूचना निकालेर स्पष्टीकरण माग गरेपछि पनि काम सुरु गरेका छन् । त्यस्ता आयोजनाहरुको ठेक्का तोडिएको छैन, जवाफ नपठाएर सम्पर्कबिहीन बनेकाहरुको धमाधम ठेक्का तोडिएको छ । अझै पनि रुग्ण ठेक्कामा केही तोड्ने प्रक्रियामा रहेका र केहीमा काम अघि बढेको खड्काले जानकारी दिए । खड्काले विगतमा राजनीति भएका कारण ठेक्का अघि बढ्न नसकेको भए



त्यतिबेलै निर्माण व्यवसायीले कामको जिम्मेबारी नलिन सक्थे, ठेक्का तोड्ने अधिकार पनि उनीहरुमा पनि थियो । अनेक बहानामा आयोजना अड्काएकै कारण एक्सनमा उत्रनु परेको उनले बताए ।

सडक विभागका उपमहानिर्देशक एवं प्रवक्ता खड्काले भने, 'कर्मचारीको कारणले काम निर्माण सम्पन्न नगरेको भन्नेकुरा हो भने १५ दिने जुन स्पष्टीकरण छ, त्यसमा निर्माण व्यवसायीले स्पष्टीकरण दिनसक्छन् । कतिपय त्यो अवस्था पनि होला । चित्तबुझ्दो जवाफ भए थपसमय दिएर ठेक्का अघि बढेका पनि छन् । चित्तबुझ्दो जवाफ निर्माण व्यवसायीले दिँदादिँदै पनि ठेक्का तोडिएका छन् भने उहाँहरु न्यायका लागि अदालतमा जान सक्नुहुन्छ । त्यसैकारण हामीले अहिले ठेक्का तोडेका भनिएका विशुद्ध निर्माण व्यवसायीको हो । निर्माण व्यवसायीले आधारभूत शर्त पूरा नगरेकाको तोडिएको हो ।'

निर्माण व्यवसायी भने सरकारले व्यवस्थापन नगरी हचुवाकै भरमा ठेक्का तोडेको भन्दै आक्रोशित छन् । नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रबि सिंहले सरकारले ठेक्का रुग्ण हुनुको कारण पत्तालगाइ त्यसको निराकरण खोज्नुपर्ने बताउँछन् । उनकाअनुसार अहिले जतिपनि ठेक्का रुग्ण भएको छ । ८० प्रतिशत भन्दा बढी सरकारी कर्मचारीको कारणले भएको छ ।

अध्यक्ष सिंहले भने, 'सबैभन्दा पहिल सरकारले ठेक्का रुग्ण किन हुनुपुग्यो त्यसको कारण खोज्नुपर्छ । कारण पत्तालगाइ त्यसको निराकरण खोज्नुपर्छ । अहिले जतिपनि ठेक्का रुग्ण भएको छ । ८० प्रतिशत भन्दा बढी सरकारी कर्मचारीको कारणले भएको छ । सरकारी कर्मचारीको अकर्मण्यता र जवाफविहीनताका कारणले आयोजना रुग्ण बनेका छन् । कानूनी राज्यको हामीले अनुभूति गर्न पाएका छैनौं । यो राज्यमा कानुन निर्दोलाई मात्रै लाग्छ, सरकारी पक्षले १२/१५ वर्ष सम्म ठेक्का सम्पन्न नहुँदा उहाँहरु किन कारबाहीको दायरामा आउनुभएन ।'

उनले भने 'सार्वजनिक नियमावलीको पटकपटक संशोधन भयो र हरेक संशोधनमा ऐन, कानून, नियमलाई पालना नगर्ने अधिकारीहरु कानूनको दायरामा पर्छन् भन्ने उल्लेख छ । तर, अहिलेसम्म ठेक्का अन्त्य नभएर रुग्ण भए व्यवस्थापन गर्ने नाममा अहिले अन्त्य गर्ने काम भएको छ, यो स्थीतिमा पुऱ्याउने अधिकारीलाई कारबाहीको दायरामा ल्याउनुपर्छ ।'

सिंहका अनुसार आयोजना रुग्ण बन्नुको मुख्य कारण कर्मचारी नै हुन् । उनीहरुमाथि कारबाही हुनुपर्छ । काम नगर्ने प्रोजेक्ट म्यानेजर, कार्यालय प्रमुखलाई सरकारले कारबाही गर्नुपर्छ । वास्तविकरुपमै ठेक्कालाई रुग्ण बनाउने काम गर्नेहरुलाई सरकारले कुनै हालतमा उन्मुक्ति दिन नहुने सिंहको भनाइ रहेको छ । हिजोका दिनमा राजनीतिक नेतृत्वले दिएका निर्देशन पालना सरकारी अधिकारीले गर्दा पनि आयोजना रुग्ण बनेको सिंहको बुझाइ रहेको छ । सार्वजनिक खरिद ऐन, नियमावलीमा भएका प्रावधानलाई सरकारी कर्मचारीले नै पालना नगरेकाले अहिले समस्या बिकराल बनेको सिंहले बताए ।

अपाङ्ग दिवस:

# रक्तदान र सार्वजनिक यातायातमा छुटको स्टिकर टाँस



साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ अपाङ्गता भएको व्यक्तिको ३४ औं अन्तर्राष्ट्रिय दिवसको अवसरमा हेटौंडामा विविध कार्यक्रम गरिएको छ ।

राष्ट्रिय अपाण्ङ महासंघ बागमती प्रदेशको आयोजनामा रक्तदान कार्यक्रम, सार्वजनिक यातायातमा सचेतनामूलक स्टिकर टाँसका साथै प्रदेश राजधानीका सार्वजनिक स्थान अपाङ्गमैत्री भए नभएको बारेमा डेमो प्रदर्शन गरिएको थियो । हेटौंडाको बुद्धचोकमा आयोजित रक्तदानमा ४० जनाले रक्तदान गरेको बागमती प्रदेश अध्यक्ष उपेन्द्र श्रेष्ठले जानकारी दिए । सार्वजनिक यातायातमा अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकका लागि राज्यले दिएको सहुलियत कार्यान्वयन गराउन सचेतनामूलक स्टिकर टाँसिएको छ ।

अपाङ्गता ऐन २०७४ को दफा ३७ को उपदफा २ र ज्येष्ठ नागरिक ऐन २०६३ को दफा ९ को उपदफा २ अनुसार अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठनागरिकले गाडी भाडामा ५० प्रतिशत छुट पाउनुपर्ने व्यवस्था छ । यही व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि दुई सयवटा सार्वजनिक यातायात र टिकट काउन्टरमा स्टिकर टाँस गरिएको हो । महासंघले तोकिए बमोजिम भाडा छुट नपाएमा ट्राफिक प्रहरीको हटलाइन १०३ मा सम्पर्क गर्न आग्रह गरेको छ । नारायणी यातायात व्यवसायी संघ र जिल्ला ट्राफिक कार्यालयलगायतको उपस्थितिमा हेटौंडा बसपार्कका सार्वजनिक यातायातमा स्टिकर टाँस्ने कार्य गरिएको महासंघ अध्यक्ष श्रेष्ठले बताए ।

सार्वजनिकस्थान अपाङ्गता मैत्री भएनभएको बारेमा जानकारी डेमो प्रदर्शनी गरिएको थियो । बत्तीको पोल, सडक छेउका रुख र पसलका सामग्रीले गर्दा अपाङ्गता भएका व्यक्तिलाई हिडडुलमा समस्या भएको, अपाङ्गता भएका ग्राहकलाई पसल व्यवसायलगायतका सार्वनजिक स्थानमा हुने व्यवहारलाई पनि डेमोको रुपमा प्रदर्शन गरिएको थियो । सामाजिक विकास मन्त्रालयका निमित्त सचिव अमृत अधिकारीको प्रमुख उपस्थितिमा डेमो कार्यक्रम गरिएको हो ।

यसका साथै, महासंघले मंगलबार दिवसको पूर्वसन्ध्यामा दीपप्रज्वलन गरेको थियो । 'अपाङ्गता समावेशी समाजको प्रवर्द्धन: सामाजिक उन्नतिको संवर्द्धन' भन्ने नाराकासाथ यसवर्ष अपाङ्गता भएका व्यक्तिको ३४औं अन्तरर्राष्ट्रिय दिवस मनाइएको छ । अपाङ्गता भएका नागरिकको हक अधिकार प्रवर्द्धनका लागि विश्वभर संयुक्त राष्ट्रसंघको पहलमा सन १९९२ देखि हरेकवर्ष डिसेम्बर ३ तारिखका दिन अपाङ्गता भएका व्यक्तिको अन्तरर्राष्ट्रिय दिवस मनाउन थालिएको हो । दिवसले अपाङ्गता भएका व्यक्तिको अधिकार, समानता, समावेशिता र सम्मानलाई सुनिश्चित गर्ने साझा संकल्पलाई पुन: स्मरण गराएको छ ।

नेपालको संविधानले अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक सुनिश्चित गरेको भएपनि व्यवहारिक रुपमा पूर्ण कार्यान्वयन हुनुपर्ने माग उठ्दै आएको छ ।

# सडक विस्तारबारे सुदन र प्रसाईको चासो





साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ सडक विस्तारको विरुद्धमा हेटौंडाका मेनरोडका व्यवसायी र घरधनीले विरोध गरेपछि जेनजी अगुवा सुदन गुरुङले सर्वोच्च अदालतको ऐतिहासिक फैसलाको जगमा सुरु भएको विकास निर्माणमा अवरोध नगर्न आग्रह गरेका छन् ।

उनले सामाजिक सञ्जालमार्फत भनेका छन्, 'धेरै लामो समयदेखि केही तत्वहरुले अवरोध गरिरहँदा महेन्द्र राजमार्ग र त्रिभुवन राजपथअन्तर्गत् हेटौंडा नगर क्षेत्रको सडक विस्तार हुन सकेको थिएन । तर, सर्वोच्च अदालतको मिति २०८० पुस १७ को ऐतिहासिक फैसलाले स्पष्ट मार्गदर्शन दिएको छ ।'

विगतमा विभिन्न शक्तिकेन्द्रको प्रभाव, राजनीतिक दबाब र स्थानीय अवरोधका कारण सडक विस्तारकार्य पटक-पटक रोकिँदै आएको थियो । गुरुङले आफ्नो अपिलमा भनेका छन् 'यो पटक सीमित व्यक्तिको त्रास, प्रभाव र दबाबको भुमरीमा नपरी, यो कानुनी ढंगले अघि बढेको सडक विस्तारकार्यलाई सफल बनाउने संकलपकासाथ हामी सम्पूर्ण हेटौंडा नगरवासीमाझ हार्दिक अनुरोध गर्छौं ।'

उनले आफूहरु मकवानपुरका प्रादेशिक प्रमुख र सम्पूर्ण जेनजी टोलीसहित परियोजना सफल बनाउन प्रदेशदेखि केन्द्र सरकारसम्म नजिकबाट समन्वय र निगरानीमा रहेको स्पष्ट पारेका छन् । प्रभावित घरजग्गा धनी र व्यवसायीको पक्षमा राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिकबचाउ महाअभियान नेपालका अभियन्ता दुर्गा प्रसाईं उभिएका छन् । 'लामो समयदेखि बसोबास गर्दै आएका बासिन्दालाई मुआब्जा पनि नदिएर घरमा डोजर चलाउने वा दीर्घकालीन व्यवस्थापनको योजना पनि नबनाई सुकुम्बासीका टहरा भत्काउनेजस्ता कामगर्नु अति गैरजिम्मेवार हो' अभियन्ता प्रसाईंले सामाजिक सञ्जालमा लेख्दै प्रसाईंले भने,- 'मानिसलाई भूमिहीन बनाउने तथा सुकुम्बासी बनाउने काम तत्काल बन्द गरियोस् ।'

अभियन्ता प्रसाईंले भारतको उदाहरण दिएका छन् । उनले उल्लेख गरेका छन्, 'धेरै टाढा उदाहरण खोज्नै पर्दैन, छिमेकी भारतमै कुनै गाउँमा रेलवे ट्र्याक वा सडक सञ्जाल विस्तार गर्नुपर्ने भएमा त्यहाँका नागरिक सबैभन्दा धेरै खुसी हुन्छन् । किनकि त्यहाँ सरकारले व्यक्तिका जग्गा-जमिनमा काम गर्नुपरेमा सरकारी दरभन्दा तीनगुना बढी मुआब्जा पहिला नै दिएरमात्रै परियोजना अघि बढाउँछ ।'

अभियान्ता प्रसाईंले भारतको भन्दा नेपालमा ठीक उल्टो भएको भन्दै सरकारलाई खवरदारी गर्दै भने, 'राज्य भक्षक होइन, रक्षक बनोस्, हामी सरकारसँग निरन्तर वार्ता र संवादमा छौं । बार्ता नटुटोस्, छलफल नै समाधान हो । सडक बिस्तारको लागि बैकल्पिक मार्ग पनि पर्योग गर्न सकिन्छ । राज्यको काम जनतालाई विस्थापित गर्नु होइन, सुरक्षित राख्नु हो ।'

# हरेक व्यक्तिको मौलिकअधिकार सुरक्षित हुनुपर्छ: प्रदेशप्रमुख देवकोटा

साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ बागमती प्रदेशका प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले हरेक व्यक्तिको मानव तथा मौलिक अधिकार सुरक्षित रहनुपर्ने बताएका छन् ।

३४ औं अन्तर्राष्ट्रिय अपाङ्ग दिवस (३ डिसेम्बर २०२५) का अवसरमा शुभकामना सन्देश जारीगर्दै प्रदेशप्रमुख देवकोटाले समावेशीता भाषामा, संस्कृतिमा वा परम्परामा मात्र सीमित नभइ भिन्न क्षमताका व्यक्तिलाई विकास र परिवर्तनको यात्रामा साथ लिएर अघि बढ्नुपर्ने बताए । उनले 'अपाङ्गता समावेशी समाजको प्रवर्द्धन: सामाजिक उन्नतिको सम्बर्धन' नारालाई व्यवहारमा लागू गर्नुपर्नेमा जोड दिए । समाजलाई अपाङ्गमैत्री बनाउन सबैको समान दायित्व भएको उनको भनाई छ ।

प्रदेशप्रमुख देवकोटाले भिन्न क्षमता भएका व्यक्तिको क्षमता पहिचान र अभिवृद्धिका लागि राज्य, नागरिक समाज तथा संघसंस्था सबै मिलेर परिणाममुखी कार्य गर्नु आवश्यक रहेको बताए । 'सार्वजनिक सेवाप्रवाहलाई भिन्न क्षमतामुखी, चुस्त र दुरुस्त बनाउनुपर्छ' उनले भने, 'आजको दिनले हामीलाई सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणमा प्रेरणा दिनेछ भन्ने अपेक्षा गरेको छु ।' अपाङ्गता कुनै कमजोरी नभइ एउटा अवस्था मात्र हुने उल्लेख गर्दै प्रदेशप्रमुख देवकोटाले शारीरिक, मानसिक वा बौद्धिक अपूर्णताका कारण व्यक्तिका अन्य क्षमता ओझेलमा पार्ने प्रवृत्ति हटाउनुपर्ने बताए ।

'नेपालसहित विश्वभर कैयौं फरक क्षमता भएका व्यक्तिले मानव सभ्यतामा असाधारण योगदान दिनुभएको उदाहरणहरु छन्' उनले स्मरण गराउँदै उपयुक्त वातावरण निर्माण गर्नु सबैको साझा दायित्व रहेको स्पष्ट पारे ।

# राष्ट्रिय खिृष्टियन महासंघ मकवानपुरको शुभकामना आदानप्रदान

साझाकुरा संवाददाता

हेटौंडा, १७ मंसिर/ राष्ट्रिय खिृष्टियन महासंघ मकवानपुरको आयोजनामा खिृष्टमस उत्सव तथा नववर्ष सन् २०२६ को अवसरमा शुभकामना आदानप्रदान भएको छ ।

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा मुख्यमन्त्री बानियाँले सबै धर्म, जाति र संस्कृति भएकाबीच आपसी सम्मान र सहकार्य बढाउन योगदान पुऱ्याउने विश्वास व्यक्त गरे । उनले विविधताको सुन्दरता नै नेपालको पहिचान भएको उल्लेख गर्दै सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र समतामूलक विकासका लागि सबै समुदाय एकजुट हुनुपर्नेमा जोड दिए । राष्ट्रिय खिृष्टियन महासंघ मकवानपुरका प्रतिनिधिले खिृष्टमस उत्सवले समाजमा भाइचारा, सेवाभावना र मानवताको मूल्यलाई अझ सबल बनाउने बताए ।

उनीहरुले प्रदेश सरकारसँग सहकार्य गर्दै सामाजिक तथा मानवसेवा कार्यक्रमलाई थप प्रभावकारीरुपमा अघि बढाउने प्रतिबद्धता जनाए । कार्यक्रममा राजनीतिक दलका प्रतिनिधि, सामाजिक अभियन्ता, धर्मका अगुवा, स्थानीयवासी तथा विभिन्न संघसंस्थाका पदाधिकारीको सहभागिता रहेको थियो । साथै कार्यक्रममा सांस्कृतिक प्रस्तुति, प्रार्थना तथा मैत्रीपूर्ण अन्तरक्रियासहित सम्पन्न गरिएको आयोजकले जानकारी दिएको छ ।

श्री मालपोत कार्यालय मकवानपुरबाट मितिः २०८२/०८/१५ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*निवेदक- पूर्ण बहादुर विसुंखे (छोरा)* *जग्गावाला-डिल बहादुर सार्की (बुवा)*

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ६ को तपशिलको जग्गाहरु रमिते मौजाको रैती नं. १५ को रैती विष्णु प्रसाद ढुङ्गानाको नाममा साविक भोग लगत कायम भई डिल बहादुर विशुंखे सार्कीको नाउमा दर्ता हुन आएको र डिल बहादुर सार्कीकै नाममा नाप नक्सा तथा फिल्डबुक कायम भई दर्ता गर्न छुट भएकोमा निज डिल बहादुर सार्की भन्ने डिल बहादुर विशंखेको मिति २०६०/०५/०४ मा मृत्यु भएको र निजको हकखाने दुई पत्निहरु मध्ये जेठी टुल्की विशुंखे भएकोमा एक छोरी आशा विशुंखेको जायजन्म पश्चात मिति २०२९/०९/२५ मा मृत्यु भएको र छोरी पनि विवाह गरी पर घर गइसकेको, कान्छि पत्नि रहरी विसंखेको पनि मिति २०५९/०२/१९ मा मृत्यु भएको र निजको हकमा हकखाने निजको तर्फबाट जायजन्म भएको एक मात्र छोरा पूर्ण बहादुर विशुंखे र दुई छोरीहरु भएकोमा विवाह गरी पर घर गइसकेकोले फिल्डबुकवाला डिल बहादुर सार्कीको हकखाने हकदारहरुमा जेठी पत्नि तर्फका एक छोरी र कान्छी पत्नि तर्फका एक मात्र छोरा पुर्ण बहादुर विशुंखे भएकोमा उल्लेखित जग्गा निज हकदार छोराले नै साविक देखि हाल सम्म निरन्तर हकभोग तथा जोतभोग गरी आएकोले उल्वलेखित तपशिलका जग्गा जेठी तर्फका छोरी आशा विशंखेको मंजुरीले निवेदक पूर्ण बहादुर विसुंखेको नाममा एकलौटी छुट जग्गा दर्ता तथा नामसारी गरी पाउँ भनि हेटौडा उपमहानगरपालिका १८ नं. वडा कार्यालयको च.नं. १२७६ मिति २०८२/०५/२३ को हकभोग एवं हकदारहरु समेत खुलेको छुट जग्गा दर्ता तथा नामसारी सम्बन्धी सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित प्रमाणपत्र, नागरिकता प्रमाणपत्र, मृत्यु दर्ता प्रमाण पत्र, साविक भोग लगत, फिल्डबुक उतार तथा नक्सा समेत संलग्न राखी मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित तपशिलका जग्गा निवेदकको माग दावी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता, गर्न नमिल्ने भएमा वा निवेदकको माग दावी सत्य नभई झुठा भए वा निवेदक तथा मंजुरी दिने भन्दा बाहेक अन्य कोही हकदारहरु भए वा निवेदक बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपशिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/निवेदक | |
| १ | डिल बहादुर सार्की गा.प. हटिया वडा नं. ६ बुवा-लाल बहादुर बाजे-..... | हटिया | ६ | ५१७ | ०-५-१५.५ | पूर्ण बहादुर विशुंखे | जि.म.हटिया पं. मौजा रमिते को रैती नं. १५ को रैती विष्णु प्रसाद ढुङ्गानाबाट डिल बहादुर विसुंखे सार्कीको नाममा साविक लगत कायम भएको कैफियत देखिन्छ । |

*ईति संवत २०८२ साल मंसिर महिनाको १५ गते रोज २ शुभम्..................।*

## २७औं वार्षिक साधारण सभासम्बन्धी सूचना

यस संस्थाको मिति २०८२/०७/१२ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम २७औं वार्षिक साधारण सभा तपसिलका विषयहरुमा छलफल गर्न निम्नानुसार मिति, समय र स्थानमा संचालन गरिने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरुको अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा हुने :**

मिति: २०८२/०९/२६ गते शनिबार
समय: बिहान ११:०० बजे
स्थान: हेटौडा-२, पल्पसा प्याराडाइज होम

**छलफलका विषयहरु:**

१. संरक्षक श्री महालक्ष्मी उपाध्याय डिनाज्यूको सम्बोधन सम्बन्धमा ।
२. साधारण सभाको बैधानिकता सम्बन्धमा ।
३. निर्णय प्रमाणित गर्न सदस्यहरुको छनौट सम्बन्धमा ।
४. संचालक समितिको तर्फबाट अध्यक्षज्युको प्रतिवेदन सम्बन्धमा ।
५. वार्षिक प्रगती एवं भावी नीति कार्यक्रम सहितको सचिबज्युको प्रतिवेदन सम्बन्धमा ।
६. कोषाध्क्षज्यूबाट आ.ब.२०८१/२०८२ को लेखापरिक्षकज्युबाट तयार पारेको वित्तीय विवरण सहित ऋण समितिको प्रतिवेदन सम्बन्धमा ।
७. आ.व.२०८१/०८२ को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
८. आन्तरिक लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा।
९. आ.व. २०८२/०८३ को साधारण सभा पूर्वको पेश्की बजेट खर्च अनुमोदन सम्बन्धमा ।
१०. आ.व. २०८३/०८४ को साधारण सभा पूर्वको पेश्की बजेट सम्बन्धमा ।
११. विनियम २०५५ र आर्थिक तथा आन्तरिक कार्यविधि संशोधन सम्बन्धमा ।
१२. आ.व.२०८२/०८३ को लागि लेखा परिक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
१३. नियमनकारी निकायको निर्देशनका सम्बन्धमा ।
१४. शेयर लाभांश एवं संरक्षित पुंजीकोष फिर्ता वितरण सम्बन्धमा ।
१५. संस्थाको आवश्यकता अनुसार घर घडेरी खरिद एवं बिक्री अख्तियारी सम्बन्धमा ।
१६. समितिको बैठक तथा अन्य सुबिधा निर्धारण सम्बन्धमा ।
१७. संचालक समिति र लेखा सुपरिवेक्षण समितीको निर्वाचन कार्यक्रम सम्बन्धमा ।
१८. संस्था संचालनमा अग्रिम कार्यादेश सम्बन्धमा ।
१९. बिबिध ।

(**नोट:** २०८१ सालको एसइइ (SEE) मा उत्कृष्ट अंक ल्याउने सदस्यका छोरा छोरीहरुलाई पुरस्कृत गरिने हुदा मिति २०८२/०९/१५ गते भित्र संस्थामा आफ्नो प्रमाणपत्रहरु पेश गर्न हुन जानकारी गराइन्छ । साथै साधारण सभामा सदस्य स्वयम् उपस्थित भएमा संस्थाद्वारा उत्पादित शुद्ध तोरीको तेल प्रति सदस्य २ लिटर प्रदान गरिनेछ ।)

इश्वर पण्डित
सचिव

**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौडा-२, पल्पसा रोड
फोन नं. ०५७-५२४९१६, ५२५९१७